# परिच्छेद एक

## परिचय

### १.१. अध्ययनको पृष्ठभूमि

विशेष शिक्षा स्रोत कक्षामा अध्ययनरत बालबालिकाहरुको आवासमा भौतिक सामग्री भान्साका लागि आवश्यक पर्ने आधारभूत सामग्री अध्ययन-अध्यापनमा आवश्यक पर्ने भौतिक तथा शैक्षिक सामग्रीको व्यवस्था गरी विशेष कक्षा सञ्चान गर्नु नै विशेष शिक्षा स्रोत कक्षाको शैक्षणिक व्यवस्थापन हो ।

विशेष शिक्षा भन्नाले विभिन्न किसिमका अपाङ्ग, वालवालिकाहरुलाई अन्य सामान्य वाल-वालिका सरह उनीहरुको अपाङ्गता अनुकूल शिक्षण सिकाई तथा तालिमको व्यवस्था हो । असाधारण वालवालिकाहरुलाई दिईने शिक्षा तथा तालिमलाई नै विशेष शिक्षा भनिन्छ । यो विशेष गरेर अपाङ्ग वालवालिकाहरुका लागि तयार गरिएको हुन्छ ।

“हेलेन केलरको जन्म सन् १८८० जुन २७ मा संयुक्त राज्य अमेरीकाको ट्यूकम्बीयामा भएको थियो । जन्मेको १८ महिनामा उनी एक्कासी दृष्टिबिहीन र बहिरो भईन त्यसपछि उनी देख्न सुन्न नसक्ने भइन् । सात वर्षको उमेरमा दृष्टिबिहीन बालबालीकाहरु पढ्ने विद्यालयमा भर्ना भइन् । एक दिन अन्न नाम गरेकी शिक्षकले उनमा ठूलो परिवर्तन ल्याइदिइन् उनी छोएर सिक्ने भइन् त्यस पछि उनको जीवनमा आमूल परिवर्तन भयो । उनी विद्यालय शिक्षा पुरा गरेर सन् १९०० मा कलेज भर्ना भइन् । सन् १९०४ मा दृष्टिबिहीन र बहिरामध्येबाट विश्वमा पहिलो स्नातक(Graduate) गर्ने व्यक्ति भइन् । त्यसपछि उनले दृष्टिबिहीन, बहीरा र महिला अधिकारका बारेमा थुप्रै पुस्तक, लेखहरु लेखिन । त्यसमध्ये 'The Story of my life' पुस्तक धेरै लोकप्रिय भयो । हेलेन केलर अन्य दृष्टिबिहीन र बहिराहरुका लागि त उदाहरण भइन् नै , सपाङ्ग मानिसहरुका लागि पनि नमूना नै बनिन् । अवसर पाएमा अपाङ्गले पनि राम्रो कार्य गर्न सक्ने पाठ विश्व समुदायलाई हेलेन केलरले आफू नमूना बनेर सिकाईन् ”(सामाजिक अध्ययन कक्षा १० पुन मुद्रण २०६९ पृ. ३८)।

विशेष आवश्यकता भएका वालवालिकाहरुलाई संस्थागत रुपमा शिक्षा दिन वि.स. २०२१ सालमा लेवोरेटोरी माध्यमिक विद्यालय कीर्तिपुर काठमाण्डौमा दृष्टिविहिनहरुलाई शिक्षा दिने कार्यवाट शुरु गरिएको पाइन्छ । बहिरा तथा सुस्त श्रवण वालवालिकाका लागि वि.स. २०२३ सालमा बहिरा तथा

सुस्त श्रवण कक्षा सञ्चालन भयो । वि.स. २०२६ सालमा शारीरिक अपाङ्गहरु समेतका लागि अन्धा अपाङ्ग विद्यालयको स्थापना भई क्रमशः सञ्चालनमा आएको पाईन्छ । बौद्धिक आपाङ्ग तथा सुस्तमनस्थितिकाहरुलाई शिक्षा दिन निर्मल वाल विकास केन्द्रको वि.स. २०३७ सालमा स्थापना भई चारै किसिमका अपाङ्ग वालवालिकाहरुलाई शिक्षा दिने कार्यको शुरुवात गरेको पाइन्छ (भट्टराई, २०६३) ।

नेपालमा विशेष शिक्षाको शुरुवात दृष्टिविहीनहरुलाई शिक्षा दिई लेवोरेटरी माध्यमिक विद्यालयबाट वि.सं.२०२१ सालमा शुरु भएको थियो । त्यसपछि क्रमशः वि.सं.२०२३ साल, वि.सं.२०२६ साल र वि.सं.२०३७ साल सम्ममा वहिरा तथा सुस्त श्रवण, शारीरिक अपाङ्ग र सुस्त मनस्थितिकाहरुलाई शिक्षा दिन शुरु गरेको पाइन्छ (विशेष शिक्षा आयोगको प्रतिवेदन,२०४९) ।

रोटरी क्लव काठमाण्डौले कुमार नामको व्यक्तिलाई वि.स. २०१८ सालमा एक महिने तालिम लिन अमेरिका पठाई फर्किएपछि जावलाखेलमा ४।५ जना दृष्टिविहिनलाई पढाउने विद्यालय सञ्चालनमा ल्याई बन्द भएवाट नेपालमा विशेष शिक्षाको शुरुवाट भएको हो । वि.स. २०२० साल नेत्रविहिन अमेरिकी महिला डा.इसावेल ग्रान्टले अमेरिकी पिस्कोर भोलन्टिएर ल्याएण्ड स्टिभिन्सलाई शैक्षिक सामग्री सहित नेपाल पठाएर दृष्टिविहीनको एकीकृत कक्षा संञ्चालन गरी विशेष शिक्षालाई निरन्तरता दिएको पाइयो (राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९) ।

विशेष शिक्षा कार्यक्रम वि.स.२०२१ सालवाट शुरु गरिएको भएता पनि यसको संस्थागत विकास र विस्तार भने वि.स. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना पछि मात्र भएको हो । विशेष शिक्षालाई विकास, विस्तार र संवर्द्धन गर्न वि.स. २०३० सालमा विशेष शिक्षा परिषदको गठन गरिएको थियो । वि.स. २०३४ साल पछि विशेष शिक्षा परिषदले गर्ने कार्य सामाजिक सेवा समन्वय परिषदको मातहतमा सञ्चालन गरियो । विशेष शिक्षा परिषदको पूनःगठन वि.स. २०५९ सालमा भई विशेष शिक्षालाई पनि शिक्षा नियममावलीमा नै समावेश गरिएको छ । आधाभूत तथा प्राथमिक शिक्षा परियोजनामा विशेष शिक्षालाई उच्च प्राथमिकता दिई विशेष शिक्षा एकाईको गठन गरिएको थियो । वि.स. २०५६ सालमा गठन भएको शिक्षा विभागको संगठनात्मक संरचनामा विशेष शिक्षा शाखाको पनि स्थापना भएको थियो । अपाङ्ग बालवालिकाहरुलाई शिक्षा दिन एकीकृत शिक्षा तथा समाहित शिक्षालाई प्रमुख आधारको रुपमा लिई रहेको विशेष शिक्षा शाखालाई थप जिम्मेवारी सहित वि.स.

२०६१ सालमा समाहित शिक्षा शाखा नामाकरण गरियो । हाल विशेष शिक्षा कार्यक्रम सोही शाखा अन्तर्गत सञ्चालन भईरहेको छन् (भट्टराई,२०६४) ।

उक्त परिभाषा भनाई तथा तथ्याङ्कहरुलाई विश्लेषण गर्दा शिक्षा सबैका लागि मात्र नभई व्यक्तिको नैसर्गिक अधिकार पनि हो । शिक्षाले मानवीय जीवनमा पार्ने प्रभावहरु सवलङ्ग र विकलङ्गहरु दुवैका लागि समान हुन पर्छ । शिक्षाको समान पहुँच पु¥याउन सक्ने गरी राज्यले विद्यालय स्थापन गर्नु पर्दछ । विशेष शिक्षाका आवश्यकता भएका विकलङ्ग बालबालिकाहरुको शिक्षाका लागि उचित शैक्षणिक व्यवस्थापनमा विशेष गरी राज्य र त्यसपछि समाज र परिवारले ध्यान दिनु पर्ने देखिन्छ।

नेपालमा रहेका दृष्टिविहीनहरु अधिकांश निरक्षर छन् उनिहरुलाई दृष्टिविहीन भनेको के हो ? उनिहरुका शैक्षिक आवश्यकता र चाहाना के-के हुन्छन् ? उनिहरुलाई शिक्षा दिन कस्तो व्यावस्था हुनु पर्छ भन्ने वारेमा कुनै जानकारी हुँदैन ।

कुनै पनि कार्यक्रमलाई उद्धेश्य उन्मुख वनाउन व्यावस्थापनको महत्वपूर्ण भूमिका हुनु पर्दछ र मात्र कार्यक्रमको उद्धेश्य पुरा हुन सक्दछ । अपाङ्ग वालवालिकाहरुको शिक्षाका लागि व्यावस्थापन पक्ष सवल र मजवुत हुन जरुरी छ । यसमा पनि दृष्टिविहीन वालवालिकाको शिक्षाका लागि मजवुत व्यावस्थापन गर्न सके अन्य साधारण वालवालिका सरह नै शिक्षा ग्रहण गरी समाज र राष्ट्रको सेवा गर्न सक्छन् । दृष्टिविहीन वावालिकाहरुका लागि उचित शैक्षणिक व्यावस्थापन गर्नु पर्ने हुन्छ । उचित व्यावस्थापन नभएमा उनिहरुलाई प्रदान गर्ने शिक्षाको लक्ष हाँसील हुन सक्दैन । दृष्टिविहिन वालवालिकाको शैक्षणिक व्यावस्थापन सम्वन्धमा परिवार तथा अभिभावकको धारणा के र कस्तो हुनुपर्छ ? स्रोत कक्षा सञ्चालन गर्ने संस्था वा निकायहरुले व्यावस्थापनमा कस्तो भूमिका खेल्नु पर्छ र खेलिरहेका छन ? कार्यक्रमको उद्धेश्य प्राप्तिमा व्यावस्थापनले के कस्तो सहयोग पु¥यायो या पु¥याएन ? अध्ययन हुन आवश्यक देखिन्छ ।

आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम अन्तर्गत विशेष शिक्षा एकाईको स्थापना भई सञ्चालन हुँदै आएको एकीकृत विशेष शिक्षा स्रोत कक्षा कार्यक्रम हाल समाहित शिक्षा अन्तर्गत सञ्चालन भइ रहेको छ । विशेष शिक्षा स्रोत कक्षाहरु केहि आवास विना नै सञ्चालन गर्ने कोसीस भईरहेको छ । आवास विना यस्ता कक्षाहरु सञ्चालन गर्दा कार्यक्रमको प्रभावकारीता न्यून हुन जान्छ । दृष्टिविहीन वालवालिकाहरुलाई आवासको व्यावस्थापन सहित त्यहाँ आवश्यक पर्ने सम्पूर्ण आर्थिक, भौतिक,

शैक्षणिक व्यावस्थापन गर्नु नै दृष्टिविहीन वालवालिकाहको शैक्षणिक व्यावस्थापन हो । दृष्टिविहीन वालवालिकाहरुको लागि आवासीय व्यावस्थापन, शैक्षणिक व्यावस्थापन कस्तो छ ? शैक्षणिक व्यावस्थापनको लागि आर्थिक स्रोत कहाँवाट प्राप्त हुन्छ ? र त्यसको व्यावस्थापन कसरी कसकसवाट हुन्छ ? भन्ने कुरालाई समस्याको रुपमा लिई यस अध्ययनको विषय "दृष्टिविहीन वालवालिकाहरुको शैक्षणिक व्यावस्थापन " राखी अध्यायन गर्न खोजिएको छ ।

विभिन्न कारणले शारीरिक अंगहरु र शारीरिक प्रणलीमा भएको समस्या एवं कठिनाईको प्रकृति अनुसार नेपाल सरकाले अपाङ्गतालाई निम्न प्रकारमा वर्गीकरण गरेको छ :

विशेष शिक्षा सूचनामूलक पुस्तिका अनुसार नेपालमा भएको अपाङ्गतालाई निम्नानुसार देखाउन सकिन्छ

क) शारीरिक अपाङ्गगता : हात, खुट्टा तथा अन्य अङ्गमा विकृति भएका तथा बहुअपाङ्गता

ख) संवेदनात्मक अपाङ्गता : दृष्टिविहिनता, बहिरा तथा सुस्त श्रवण र बहुअपाङ्गता

ग) मानसिक अपाङ्गता : सुस्त मनस्थिति, सिकाइ कठिनाइ वा असक्षमता तथा बहुअपाङ्गता

### १.२. समस्याको कथन

अपाङ्ग हुन पूर्व जन्मको पाप नभई गर्भावस्था र जन्म पछि आमा र बच्चाको उचित हेरविचारमा कमी, कडा रोगको संक्रमण, कडा औषधीको सेवन आदिले गर्दा हुने हो । नेपालमा अपाङ्गहरुलाई पूर्व जन्ममा गरेको पापको फलको रुपमा लिने गलत धारण व्यप्त छ । आफ्ना अपाङ्ग सन्तान र सदस्यहरुलाई परिवार समाज र राष्ट्रले बोझको रुपमा लिई हेयको दृष्टिकोणले हेर्ने गरेको पाईन्छ । उनीहरु प्रतिको यही गलत धारणाका कारण कतिपय अपाङ्गहरुले बाध्यता वश मृत्युलाई पर्खनु परेको छ भने कतिपयले सडकमा गई मागेर आफ्नो र परिवारका अन्य सदस्यहरुको समेत भरणपोषण गर्नु पर्ने वाध्यतात्मक अवस्था समेत रहेको छ । सुस्त मनस्थिति भएका व्यक्तिहरु अन्य साधारण व्यक्ति सरह शारीरिक रुपमा सवल र मानसिक रुपमा सक्षम हुदैनन् । विशेष शिक्षा कार्यक्रम अन्तरगत पाँचथर जिल्लामा संचालनमा रहेको एक मात्र दृष्टिविहिन श्रोत कक्षा श्री गडी मा.वि. फिदिममा संचालित स्रोत कक्षाको शैक्षणिक व्यवस्थापनको स्थिति, अवस्था सरकारी स्रोतबाट प्राप्त साधनको समुचित व्यवस्थापन र संचालन कार्यको संचालन शैक्षणिक व्यवस्थापनमा संलग्न व्यत्ति तथा संस्थाको जिम्मेवारी र निर्वाह गरेको भूमिका अध्ययन गर्न, शैक्षणिक व्यवस्थापनमा देखा परेका समस्याहरु पत्ता लगाई

व्यवस्थापनलाई प्रभावकारी बनाउन उपायहरु सुझाउनका साथै दृष्टिविहिन वालवालिकाहरुको आवसीय व्यवस्थापनमा समावेश गरिएका पक्षहरुको जानकारी प्राप्त गर्न र आवासीय व्यवस्थापनले वालवाललिकाहरुको शिक्षामा कस्तो असर र प्रभाव पारेको छ ? भन्ने कुराको जानकारी प्राप्त गर्नका लागि यो विषय छनौट गरिएको हो ।

## १.३. अध्ययनको औचित्य

शिक्षा प्रदान गर्नुलाई शुरु-शुरुको समयमा 'दान' को रुपमा लिने गरिन्थ्यो भने हाल शिक्षा प्राप्त गर्नुलाई व्यक्तिको नैसर्गिक अधिकारको रुपमा लिइन्छ । तसर्थ शिक्षा प्राप्त गर्नु दान होइन सबैको अधिकार हो । दृष्टिविहिन बालबालिकाहरुलाई उनीरुकै परिवारले हेला गर्ने, घृणा तथा हेयको भावले हेर्ने गरेको कारण कतिपय त्यस्ता बालबालिकाहरुले शिक्षा प्राप्त गर्नु त हैन मागेर आफ्नो र आफ्ना परिवारको प्राण धान्नु पर्ने बाध्यात्मक स्थिति रहेको पाइन्छ । साङ्ग व्यक्तिहरु सरह अपाङ्ग बालबालिकाहरुले शिक्षा प्राप्त गर्न सक्दैनन् उनीहरुलाई विशेष प्रकारको शिक्षा व्यवसायिक तालिमको आवश्यकता पर्दछ । दृष्टिविहिन बालबालिकाको शैक्षिक चाहना तथा आवश्यकता के हो ? कस्तो प्रकारका शिक्षाले उनीहरुको समस्या समाधान गर्न सक्छ ? उनीहरुलाई शिक्षा तथा तालिम दिन कस्तो प्रकारको पाठ्यक्रम र शिक्षण संस्थाको आवश्यकता पर्दछ ? परिवार, समाज र राष्ट्रले दृष्टिविहिनलाई शिक्षा प्रदान गर्न के-के कार्य आफ्नो तर्फबाट गर्न सकिन्छ । उनीहरुका अभिभावकहरुमा जनचेतना फैलाउन के-के गर्नुपर्ने हुन्छ र गर्न सकिन्छ ? उनिहरुलाई शिक्षा तथा तालिम दिन के-कस्तो भौतिक तथा शैक्षिक सामग्रीको आवश्यकता पर्दछ भन्ने विषयमा अध्ययन अनुसन्धान हुन आवश्यक देखिन्छ ।

दृष्टिविहिन भएका वालवालिकाहरुको आवश्यकता साधारण वालवालिकाको भन्दा फरक हुन्छ । यसलाई मध्यनजर गरी परिवार, समाज, र राष्ट्रले तदनुरुपको शैक्षिक वातावरण, शिक्षण सामग्री, सहयोगी सामग्री साथै अन्य व्यवस्थापन गर्न सके उचित शिक्षा प्रदान गर्न सकिन्छ । यस्ता वालवालिकाहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याउन उनीहरुका सम्बन्धमा छुट्टै अध्ययन अनुसन्धान हुनु जरुरी भएकोले दृष्टिविहिन वालवालिकाको क्षेत्रमा हुने अध्ययनले विशेष र समाहित शिक्षासंग सम्बन्धित विभिन्न कार्यक्रमहरु तर्जुमा गर्न सहयोग पुऱ्याउने छ । दृष्टिविहिन स्रोत कक्षाको समुचित व्यवस्थापन गर्न सम्बन्धित पक्षलाई घच्याइ व्यवस्थापनको उचित प्रवन्ध मिलाउन सहयोग पुग्नेछ ।

कुनै पनि कार्यक्रमको केन्द्रविन्दु नै व्यवस्थापन भएको हुँदा विशेष शिक्षाको व्यवस्थापकीय कार्यमा सुधार ल्याउन सहयोग पुग्नेछ । त्यसरी नै यस अध्ययनले विशेष शिक्षा कार्यक्रम सञ्चालनको क्रममा देखा परेका समस्याको समाधान गरी व्यवस्थापन कार्यमा सुधार ल्याउन उपयुक्त सुझाव प्रस्तुत गर्न सकिनेछ । आगामी दिनमा विशेष शिक्षा कार्यक्रमलाई योजनावद्ध रुपमा, व्यवस्थित र प्रभावकारी ढंगवाट सञ्चालन गर्न सहयोग पुग्नेछ । यस अध्ययनवाट प्राप्त निष्कर्ष अन्य विद्यालयका स्रोत कक्षा व्यवस्थापनमा लागू गर्न सकिने हुनाले यसको छुट्टै महत्व रहनेछ । पाँचथर जिल्लामा सञ्चालित दृष्टिविहिन स्रोत कक्षाको सम्बन्धमा जानकारी वा चासो राख्ने सम्बन्धित सबै पक्षलाई आवश्यक जानकारी प्राप्त हुनेछ र स्रोत कक्षामा उपलब्ध साधन र स्रोतको समुचित व्यवस्थापन र सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरिनेछ ।

यस अध्ययनबाट विशेष शिक्षा स्रोत कक्षाको भौतिक व्यवस्थापन, लत्ताकपडा, शौचालय, खानेपानीको अवस्था, शैक्षिक अवस्था, खेलकुद तथा अतिरिक्त क्रियाकलापको अवस्था र आर्थिक व्यवस्थापनका सम्बन्धमा खोजी गरिनेछ । यस अध्ययनले दृष्टिविहिन स्रोत कक्षामा अध्ययनरत वालवालिकाहरुको शैक्षणिक ब्यावस्थापनमा सुधार गर्नु पर्ने तथ्यहरु वाहिर ल्याउन सकिने छ जसवाट प्रत्यक्ष सरोकारवाल हरुलाई कार्य व्यवस्थापन गर्न सघाउ पुऱ्याउने छ । नीति निर्माताहरुलाई स्रोत कक्षाको आवासीय व्यवस्थापनको भौतिक, शैक्षिक, आर्थिक स्थिति सवल बनाउने नीति निर्माण गर्न सहयोग पुग्ने देखिन्छ । विशेष शिक्षाका सम्बन्धमा सरोकार राख्ने सरोकारवाला सम्पूर्णलाई आवश्यक जानकारी उपलब्ध गराई थप अध्ययनमा सहयोग पुग्ने देखिन्छ ।

## १.४. अध्ययनको उद्देश्यहरु

यस अध्ययन कार्यका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१. स्रोत कक्षामा दृष्टिविहिन वालवालिकाको शैक्षणिक व्यवस्थापनको स्थिति पत्ता लगाउनु ।

२.स्रोत कक्षामा दृष्टिविहिन वालवालिकाहरुको शैक्षणिक व्यवस्थापनमा प्रभाव पार्ने तत्वहरुको खोजी गर्नु ।

३. दृष्टिविहिन वालवालिकाहरुको शैक्षणि व्यवस्थापनमा देखा पर्का समस्याहरुको पहिचाहन गर्नु ।

४. दृष्टिविहिन वालवालिकाहरुको शैक्षणिक व्यवस्थापनमा देखा परेका समस्याहरु समाधानको उपाय सुझाउनु ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरु

यस  अध्ययन तथा अनुसन्धान कार्यवाट निम्नानुसारका प्रश्नहरुको उत्तर खोज्ने प्रयत्न गरिनेछ :

१. स्रोत कक्षामा दृष्टिविहिन वालवालिकाको शैक्षणिक व्यवस्थापनमा समावेश
   गरिएका पक्षहरु के के हुन् ?

२. शैक्षणिक व्यवस्थापनले वालवालिकाको शिक्षामा कस्तो असर पारिरहेको छ ?

३. शैक्षणिक व्यवस्थापनमा क-कसले कस्तो- कस्तो भूमिका खेलिरहेका छन् ?

४. यस व्यवस्थापनले वालवालिकाको शैक्षिक आवश्यकता कति पूरा गर्न सकेको छ ?

५. व्यवस्थापनमा वालवालिकाका अभिभावकको भूमिका कस्तो छ ?

६. स्रोत कक्षाको व्यवस्थापनमा क-कसको जिम्मेवारी के-के रहेको छ ?

## १.६. अध्ययनको परिसीमा

यस अध्ययनका लागि मानवीय संसाधन, आर्थिक समस्या, भौगोलिक कठिनाई, समयावधि, सीमित स्रोत तथा साधनका कारण अध्ययन कार्यलाई निम्नानुसार सीमाङ्कन  गरिएको छ :

विशेष शिक्षा कार्यक्रम अन्तर्गत पाँचथर जिल्लामा २०९ बटा सामुदायिक विद्यालयहरु मध्ये हालसम्ममा पाँचथर जिल्लामै हाल सञ्चालनमा रहेको एक वटा मात्र दृष्टिविहिन स्रोत  कक्षा श्री गडी मा.वि.फिदिममा सञ्चालित स्रोत कक्षाको आवासीय व्यवस्थापनको मात्र अध्ययन गरिएको छ। स्रोत कक्षा सञ्चालन भएको विद्यालयका प्रधानाध्यापक, स्रोत  शिक्षक र आयालाई प्रमुख सूचना दाताको रुपमा लिइएको छ  । वि.व्य.स. अध्यक्ष, विद्यार्थी र सम्बन्धित स्रोत केन्द्रका स्रोत व्यक्तिलाई  पनि सूचना दाताको रुपमा लिइएको छ। विषयसंग सम्बन्धित विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचना र विभिन्न सन्दर्भ सामग्रीलाई यस अध्ययन कार्यका लागि सूचना संकलनको स्रोतको रुपमा लिइएको छ।

यो अध्ययन श्री गढी मा.वि. फिदिम मा सञ्चालित दृष्टिबिहिन बालबालिकाहरुको श्रोत कक्षाको आधारमा गरिएको हुँदा यो अध्ययनको सामान्यीकरण पाँचथर जिल्लाको श्री गढी मा.वि. फिदिम ४ मा मात्र सामान्यीकरण हुने छ भन्ने आशा गरिएको छ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

### २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

शोध अध्ययन कार्यका विषयसंग मिल्दा विभिन्न पत्र पत्रिकामा प्रकाशित लेख तथा रचनाहरु, विभिन्न संघ संस्थाका प्रतिवेदनहरु, समय-समयमा दिईएका आयोगका सुझाव तथा प्रतिवेदनहरु, विषयसंग सम्बन्धित पुस्तकहरु र विषयसंग सम्बन्धित मिल्दा शोधपत्रहरुलाई सम्बन्धित साहित्य भनिन्छ। अध्ययन कार्यलाई पूर्णता दिनका लागि यसको आवश्यकता पर्दछ। अध्ययनको विषयसंग नजिक के कस्ता लेख रचना तथा अध्ययन प्रतिवेदनहरु छन्, तिनीहरुका आधारमा विषयको क्षेत्र तथा अध्ययनको गहनताको जानकारी मिल्ने हुँदा सम्बन्धित साहित्यको समीक्षा गर्नु आवश्यकता पर्दछ।

समाहित शिक्षा वा सवैका लागि विद्यालय एउटा नयाँ अवधारण हो। यस अवधारणअनुसार नियमित विद्यालयहरुमा विना भेदभाव सवै बालबालिकाहरुलाई पायक पर्ने विद्यालयमा उपयुक्त र आवश्यक शैक्षणिक वातावरण सृजना गर्ने शिक्षाको अवसर एवं गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यक्रम भन्ने बुझिन्छ। यो कार्यक्रम विद्यालयका बालबालिका, अभिभावक, व्यवस्थापन समिति, जिल्ला शिक्षा कार्यालय, शिक्षक वर्ग, सामाजिक कार्यकर्ता एवं संघसंस्था आदि सवैको सकारात्मक सोचाइ, सक्रिय सहभागितामा सामुहिक रुपमा सञ्चालन गर्ने गरिन्छ (काफ्ले, ढकाल र अधिकारी, २०६५)।

नेपाली साङ्केतिक भाषाको उद्भव, विकास र स्वरुप नामक यस कृतिमा विश्वमा सांकेतिक भाषाको विकास कहाँबाट र कसरी भएको रहेछ भन्ने सन्दर्भमा यथेष्ट प्रकाश पारिएको छ। वर्तमानसम्म आउँदा युरोपेली र अमेरिकाली सांकेतिक भाषाका क्षेत्रमा प्रशस्त कार्यहरु भइसकेका छन। बहिरा लगायत अन्य सवै प्रकारका अपाङ्गहरुलाई शिक्षा, स्वास्थ्य, रोजगार, तालिम आदिको प्रशस्त व्यवस्थाका साथै विकसित देशहरुमा यिनीहरुलाई हेर्ने दृष्टिकोणमा पनि निकै सकारात्मकता पाउन सक्छौ। हाम्रो देशमा भने अधिकांश साङ्ग समुदायलेनै बढी उपहास गर्ने र उनीहरुको भावना र विचार माथि कुल्चने प्रवृत्तिले जरा गाडेको हुनाले कसरी स्वस्थ सामाजिक विकास हुन सक्ला भन्ने आशंका पैदा हुन्छ र यो बढी चिन्ताको विषय पनि बनेको छ। हेलेन केलर दृष्टि विहीन तथा श्रवण विहीन भएर पनि उनको प्रतिभाले गर्दा उनी संसार प्रसीद्ध बनिन्। त्यस्तै अलेक्जेन्डर ग्रामवेल बहिरा भएर पनि टेलिफोनका

आविष्कार, अनुसन्धान, कला आदि क्षेत्रमा रुपान्तरित गरेका व्यक्तित्वको सूचि बनाउदै जाने हो भने निकै लामो सूची बन्न सक्छ (शर्मा, २०६१)।

अपाङ्गपनको समाधानका लागि परिवार र  समुदायको भूमिका तथा दृष्टिकोण पनि सकारात्मक हुन जरुरी छ । अपाङ्गहरु बस्ने समाजको उक्त सानो एकाइ जति सकारात्म भयो त्यति नै यो समस्या समाधानका लागि अनुकुलता पैदा हुन्छ र स्वयं अपाङ्गहरुलाई आत्म विश्वासयुक्त, दृढ र सकारात्मक बनाउन योगदान गर्छ । यो समस्या व्यक्तिको नीति या विशुद्ध पारिवारिक समस्यामात्र नभएर सामाजिक समस्या पनि भएकाले यसको समाधानका लागि पनि त्यस्तै सामूहिक प्रयास जुटाउनु आवश्यक हुन्छ । अपाङ्गलाई हीन, बोझ या समस्या ठान्नुको साटो त्यसलाई सहज, यथार्थ मानेर त्यही प्रतिकुलताभित्र पनि अनुकुलता खोज्न सवैको ध्यान पुग्नु जरुरी छ  (वाग्ले, २०६२) ।

शिक्षा विभागको विशेष शिक्षा शाखा मार्फत सञ्चालन हुदै आएको समाहित शिक्षा अन्तर्गत विशेष शिक्षाका विभिन्न  कार्यक्रमहरु मध्ये दृष्टिविहिन वालवालिकाको शैक्षणिक व्यवस्थापन कार्यक्रमको अवस्था, प्रभावकारीता र वास्तविकताको पहिचानमा यो अध्ययन केन्द्रित रहेको छ । उक्त विषयमा सम्बन्धित भएर गरिएका संघ संस्था तथा आयोगका प्रतिवेदनहरु, विभिन्न पत्र पत्रिकामा प्रकाशित लेख, रचनाहरु, विषयसँग सम्बन्धित सोध पत्रहरुको सिहावलोकन गरी तिनीहरुको विश्लेषित सार प्रस्तुत गरिनेछ ।

"विशेष किसिमको आवश्यकता भएका वालवालिकालाई शिक्षा दिनको लागि उनीहरुको शैक्षिक खाँचोलाई पुरा गर्न तयार गरिएको सबै किसिमको शिक्षा तथा तालिम नै विषेश शिक्षा हो" । असाधारण वालवालिकाहरुलाई उनीहरुको अपाङ्गता अनुसार साङ्ग वालवालिका सरहनै शिक्षा, सीप विकास तथा तालिमको व्यवस्था गरी दिइने शिक्षा तथा तालिमलाई  विशेषशिक्षा भनिन्छ विशेष शिक्षा सञ्चालन निर्देशिका (२०६०)।

नेपालमा विशेष शिक्षा कार्यक्रम वि.सं.२०२३ सालबाट सुरु भएको भएतापनि यसको योजनाबद्ध विकास र विस्तारको प्रयास वि.सं.२०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना पछि मात्र सुरु भएको हो ।

अन्तराष्ट्रिय अपाङ्ग वर्ष १९८१ पछि विदेशी दातृ संस्थाहरुले विशेष शिक्षामा बढी सहयोग गरेको देखिन्छ । विदेशी दातृ संस्थाहरुवाट उपलब्ध गराइएको सहयोग निश्चित अवधिका लागि मात्र हुने भएकोले

उक्त अवधि पछि सो कार्यक्रम कसरी र कसवाट सञ्चालन हुने हो ? निश्चितता नरहने कुरालाई मध्यनजर गरी नेपाल सरकारले पनि आधारभूत शिक्षा तथा सबैका लागि शिक्षा जस्ता कार्यक्रम सञ्चालन गर्ने क्रममा विशेष शिक्षा छोड्दा शिक्षाको एउटा पक्ष नै छुट्न गई सबैका लागि शिक्षा कार्यक्रम नै अपुरो हुने देखी विशेष शिक्षालाई नेपाल सरकारले नै सञ्चालन गर्नु पर्ने आवश्यकता महसुस गऱ्यो । तद्नुरुप वि.स. २०४६ सालमा शिक्षा मन्त्रालयले विषेश शिक्षा विकास र विस्तारका लागि सुझाव अनुरुप विषेश शिक्षालाई क्रमिक रुपमा शिक्षा तथा संस्कृति मन्त्रालयले सञ्चालन गर्ने गरी वि.स. २०४८-०४९ को आर्थिक वर्ष देखि विशेष शिक्षा अन्तर्गतका विद्यालयका शिक्षक कर्मचारीको तलव-भत्ता नेपाल सरकारले बेहोर्ने गरी बजेटको व्यवस्था गरियो (अपाङ्गता विषयमा बनेको नीति निर्देशन २०६२)।

संयुक्त राष्ट्र संघले सन् १९८३ देखि सन् १९९२ को दशकलाई अपाङ्गता दशकको रुपमा मनाई अपाङ्गता भएका व्यक्तिहरुको अवसरमा समानीकरण सम्बन्धी २२ सुत्रीय प्रमाणित नियमहरु तय गऱ्यो । सन् १९९३ देखि २००२ को दशकलाई एशिया प्रशान्त क्षेत्रीय अपाङ्गता दशकको रुपमा मनायो र २२ सुत्रीय नियमहरु लागु गऱ्यो । तथापि विकासोन्मुख मुलुकहरुमा अपेक्षाकृत उपलब्धि हासिल हुन सकेन फलस्वरुप सन् २००३ देखि २०१२ सम्मलाई एशिया प्रशान्त क्षेत्रीय अपाङ्गता विस्तारित दशकको रुपमा मनाउने निर्णय गऱ्यो (अपाङ्गता विषयमा बनेको राष्ट्रिय कार्ययोजना, रुपान्तरण चौमासिक २०६४)।

साङ्ग व्यक्तिहरुका अगाडि हामी पनि केही गर्न सक्छौ, हामी पनि मान्छे हौ, हाम्रो पनि मन, मुटु छ, कर्म गर्ने, सेवामा समर्पित रहने कर्मठमनहरु छन्, मात्र अवसर चाहिएको छ । समाजमा रहेका अपाङ्ग व्यक्तिहरु प्रतिको भेदभावपूर्ण पस्थितिको अन्त्य गर्नको लागि जनचेतना जगाउनु पर्ने, शिक्षा,स्वास्थ्य र रोजगारीमा सहभागी गराउन आवश्यकता छ (अपाङ्ग आवाज राष्ट्रिय मासिक २०६७)।

मानवीय शरीरमा हुनुपर्ने अंगहरु मध्ये कुनै न कुनै अंगमा विकृति आउनु अपाङ्ग हो । गर्भावस्थामा स्वास्थ्य परीक्षण नगराउदा गलत तरिकाले औषधी सेवन गर्दा चिकित्सकीय प्राणलीको गलत प्रयोग, कुपोषण आदिका कारणले बच्चा अपाङ्ग जन्मन सक्छ त्यस्तै जन्म पछि दुर्घटना रोगव्याधी आदिले गर्दा पनि व्यक्ति अपाङ्ग बन्न सक्छ र पूर्व जन्ममा अपराध गरेको तथा श्राप दिएको कारण व्यक्ति अपाङ्ग भएको होइन । हाम्रो देशमा ३० लाख भन्दा बढी अपाङ्ग रहेको तथ्य प्रकाशनमा आएको छ । सबैलाई समान अवसर र शिक्षामा पहुँच पुऱ्याउन सके अपाङ्ग व्यक्तिहरुले देश विकासमा सहयोग गर्न सक्छन् ।

परम्परागत सामाजिक सोचमा परिवर्तन ल्याई आधुनिक र समतामूलक समाजको निर्माण हुन सक्छ। जुन देश विकासको लागि सहायक सिद्ध हुन्छ (समावेशी आवाज, २०६६)।

अपाङ्गहरु पनि हामी जस्तै मानव हुन्। मानवीय, शारीरिक, मानसिक तथा संवेदनात्मक गुणहरु मध्ये केही गुणहरु वंशाणुगत तथा विभिन्न रोगहरु जस्ता विविध कारणहरुले कमी भएको मात्र हो। मानव भएर बाँच्न पाउनु उनीहरुको पनि अधिकार छ। अन्य साङ्ग वालवालिकाको सरह शिक्षा प्राप्त गर्नु अपाङ्ग वालवालिकाको पनि नैसर्गिक अधिकार छ।

लाटा कान नसुन्ने र अन्धा तथा अरु खालका अपाङ्ग विद्यार्थीहरुलाई दिइने शिक्षा व्यवस्था पनि गरिनु आवश्यक छ तर यस्ता विद्यार्थीहरुलाई दिईने शिक्षा प्राविधिक दृष्टिकोणले छुट्टै ढंगको हुनु पर्ने स्वतः सिद्ध छ। लगभग १,१३००००० जनसंख्या भएका अधिराज्यको सवै अञ्चलमा यस्तो व्यवस्था तत्कालै गर्न संभव नभएपनि काठमाण्डौ जस्ते घना जनसंख्या भएको ठाउँमा नेपाल सरकारको तर्फवाट यस्तो शिक्षाको तत्कालै शुरु गर्दै लगि पछि क्रमशः यस्तो कार्यक्रम अधिराज्यका अरु ठाउँमा पनि विस्तृत गर्दै लगिने छ। यस प्रकारको शिक्षा कार्यक्रम सञ्चालन गर्न अन्तराष्ट्रिय संस्थाहरु र मित्र राष्ट्रहरुवाट पनि सहायता उपलब्ध गराउन सक्दो प्रयास गरिनेछ (राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ )।

## २.२. अध्ययनको सैद्धान्तिक खाका

अध्ययन अनुसन्धानसंग सम्बन्धित ज्ञानलाई के कसरी व्यवहारीक प्रयोगमा सामजस्य गराउन सकिन्छ भनी सैद्धान्तिक खाकाले सहयोग पुऱ्याउँछ तसर्थ अनुसन्धान कार्यलाई पूर्णता दिन कुनै न कुनै सिद्धान्तमा आधारित भएर गर्नु पर्दछ। यस अध्ययन कार्यलाई पूर्णता दिन व्यवस्थापनको मानव सम्बन्ध सिद्धान्त र व्यवस्थापन सिद्धान्तको प्रयोग गरिएको छ।

मानव सम्बन्ध सिद्धान्तको प्रतिपादन जर्ज इल्टन मायो (१८८० - १९४९) मेरी पार्कर फोलेट गरेका अनुसार व्यवस्थापक र कामदार वीच अन्तरक्रिया हुन पर्दछ। व्यक्ति पनि व्यवस्थापनको एक अंग हो। समूह सञ्चालन, नेतृत्व, उत्प्रेरणा, सञ्चार र व्यक्तित्व जस्ता मानवीय व्यवहार संस्थामा हुनु पर्दछ। यस सिद्धान्त अनुसार मानवलाई मानवकै जस्तो व्यवहार गरिनु पर्दछ। मानवलाई संस्थाको कुनै वस्तु

वा सम्पतिको रुपमा लिनु हुदैन । एकले अर्काको अस्तित्वलाई स्वीकार गरी आफ्नो जिम्मेवारी पूरा गरी आपसमा सुमधुर सम्बन्ध कायम गर्नसके संस्थाको उद्देश्यलाई प्रभावकारी रुपमा पुरा गर्न सकिन्छ । ( कोईराला र श्रेष्ठ,२०६५)

मानवीय सम्बन्धले मानवीय पक्षयस अध्ययनका लागि मानवीय पक्ष, आर्थिक पक्ष, सामाजिक पक्ष र सहयोगात्मक  पक्ष, व्यवहारिक पक्ष, सहयोगात्मक पक्ष, आर्थिक पक्ष र सांस्कृतिक पक्ष जस्ता कुराहरुमा जोड दिन्छ । जसमा विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, अभिभावक, स्रोत शिक्षक, आया र विद्यार्थीहरुवीच राम्रो मानवीय सम्बन्ध भएमा विशेष शिक्षाका उद्देश्यहरु प्राप्त गर्न सहज हुने भएको हुँदा उनीहरु बीच मानवीय सम्बन्धको अवस्था कस्तो छ र कार्यमा के असर छ भनी विश्लेषण गर्न व्यवस्थापनको मानव सम्बन्ध सिद्धान्त प्रयोग गरिएकोछ  ।

व्यवस्थापनमा सम्पूर्ण क्रियाकलापहरु उदेश्य प्राप्त गर्नका लागि संगठनमा आवद्ध भएका सम्पूर्ण कुराहरु लगानी, प्रक्रिया, तथा उत्पादन हुन्जेल सम्ममा मेशिनहरु सामग्री लगानी र मानव संसाध सबैको एक आपसमा तादम्यता हुनु पर्दछ । यस अध्ययनमा दृष्टि विहिन बालबालिकाहरुको शैक्षणिक व्यवस्थापनमा सम्लग्न प्र.अ., श्रोत शिक्षक, आय, वि.व्य.स. अध्यक्ष, श्रोत व्यक्ति लगायत सम्पूर्ण सरोकार बालाहरु तथा शिक्षामा गरिएको लगानी समेतको उचित व्यवस्थापन हुन सकेमात्र आशा गरिएको उदेश्य पुरा हुन सक्दछ ।

## २.३. पुनरावलोकनको   उपादेयता

सम्बन्धित साहित्यको अध्ययनवाट अपाङ्गहरुका क्षेत्रमा के कस्ता खोज अनुसन्धान भएका छन् जानकारी प्राप्त भएको छ ।  त्यसमा पनि दृष्टिविहिन वालवालिका सम्बन्धमा के-कस्तो खोज अनुसन्धान भएका छन् जानकारी प्राप्त भएको छ । दृष्टिविहिनका सम्बन्धमा अत्यन्तै कम अध्ययन तथा अनुसन्धान भएको पाइएको छ । सरकारी तथा गैह्रसरकारी संघ संस्थाहरुबाट पनि कमै मात्रामा खोज अनुसन्धान गरेको पाइएको छ भने केही शोधकर्ताहरुद्वारा अध्ययन भएको पाइएको छ । दृष्टिविहिनका सम्बन्धमा आधिकारिक र भरपर्दो तथ्यांकको समेत अभाव रहेको पाइएको छ ।  तथापि दृष्टिविहिन हुने कारणको जानकारी भई सजग रहन सकिने, दृष्टिविहिनताको स्केल र प्रकारको जानकारी भई सो आधारमा

शिक्षण गर्न सकिन्छ । दृष्टिविहिन भाषागत अल्पसंख्यक समुदाय भएको हुँदा उनीहरुको मानसिक स्थितिलाई बुझेर शिक्षण गर्नु पर्ने हुन्छ । दृष्टिविहिन भएकालाई सिकाउन सम्बन्धित सबैले सजगता अपाउनु पर्ने । उनीहरुलाई हेयको दृष्टिकोणले नहेरी दया, माया र अवसर दिनु पर्ने, जस्ले गर्दा उनीहरुको पढाइमा ध्यान बढाउन सकिनेछ । दृष्टिविहिनका क्षमता भएकालाई सैद्धान्तिक ज्ञान भन्दा पनि वढी मात्रामा व्यवसायिक सीप र तालिम दिनु पर्ने सम्बन्धित साहित्यहरुको अध्ययनमा व्याख्या गरेको पाइयो तर उक्त कुराहरु सैद्धान्तिक रुपमा सिमित छन् बास्तवमा दृष्टिबिहीन बालबालिकाहरुको शैक्षिक आवश्यकतालाई सुधारका लागि गर्नु पर्ने सम्पूर्ण आवश्यक कुराहरुभौतिक, शैक्षिक , आवास आदि सम्पूर्ण कुराहरुको व्यावस्थापन तर्फ भने ध्यान नपुगेको देखिन्छ ।

विशेष शिक्षाको आवासीय व्यवस्थापनले दृष्टिविहिनका वालवालिकाको शिक्षा प्राप्त गर्ने अवसरमा सहयोग मिलेको देखिन्छ । विशेष शिक्षालाई आवासीय रुपमा दिँदा वालवालिकाका अभिभावकहरु पनि यस्तो शिक्षाप्रति सकारात्मक रहेको देखिन्छ । पाँचथर जिल्लामा सञ्चालित दृष्टिविहिन स्रोत कक्षा कार्यक्रमको अध्ययनवाट विशेष शिक्षाको शैक्षणिक व्यवस्थापनमा देखिएका समस्याहरु समाधान गर्न सहयोग पुग्ने साथै विशेष शिक्षालाई अन्य विद्यालयहरुमा विस्तार गर्न सहयोग मिल्ने अपेक्षा गरिएको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

अध्ययन तथा अनुसन्धान एक जटिल एवं महत्वपूर्ण कार्य हो । नयाँ खोज तथा अनुसन्धान कार्यका लागि हरेक क्षेत्रमा आ-आफ्नै खालको पद्धतिबाट गर्ने गरिन्छ । शोध कार्यले कुनै पनि समस्याको वारेमा नियन्त्रित विधिहरु प्रयोग गरेर योजनावद्ध रुपमा खोज गरी विस्तृत जानकारी लिएर निष्कर्षमा पुग्न सहयोग गर्दछ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अध्ययनमा संकलित तथ्याङ्कहरुलाई शाब्दिक रुपमा व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ । त्यसैले मूलतः यो अनुसन्धान गुणात्मक ढाँचाको रहेको छ ।

## ३.२ जनसंख्या तथा नमूना छनोट

यस अध्ययनका लागि पाँचथर जिल्लामा अध्ययनको जनसंख्या सीमित रहेकोले उद्देश्यपूर्ण नमूना छनोट विधि अनुसार फिदिम श्रोत केन्द्रको श्री गडि मा.वि. विशेष शिक्षा दृष्टिविहिन स्रोत कक्षालाई नमूना विद्यालयको रुपमा छनोट गरिएकोछ । त्यसैगरी उक्त विद्यालयका वि.व्य.स. अध्यक्ष १ जना, प्र.अ.१ जना, स्रोत शिक्षक १ जना, आया २ जना, स्रोत व्यक्ति १ जनालाई यो अध्ययनको जनसंख्याको रुपमा लिएको छ उद्देश्यपूर्ण नमूना छनौट विधिका आधारमा स्वत : नमूनाको रुपमा छनौट गरिएको छ । विद्यार्थीहरु र विद्यार्थीका अभिभावकहरुलाई संभावनायुक्त नमूना छनौट विधि अपनाइ गोला प्रथाद्वारा छनौट गरिएकोछ ।

वि.व्य.स. अध्यक्ष, प्र.अ., स्रोत शिक्षक, आया, स्रोत व्यक्तिहरुलाई उद्देश्यपूर्ण नमूना छनौट विधिका आधारमा स्वत : नमूनाको रुपमा छनौट गरिएको छ ।

यस अध्ययनमा उदेश्य पूर्ण नमुना छनौटको आधारमा प्र.अ. १ जना, वि.व्य.स. अध्यक्ष १ जना, आयाहरु २ जना, श्रोत शिक्षक १ जना, विद्यार्थीहरु २२ जनालाई छनौट गरिएको छ । किनकी पाँचथर जिल्लामा २०९ वटा सामुदायिक विद्यालयहरु मध्ये १ वटामा मात्र श्री गडी माध्यमिक विद्यालयमा मात्र दृष्टिविहीन बालबालिकाहरुको श्रोत कक्षा संचालनमा रहेको छ ।

### ३.३ तथ्याङ्कका स्रोत

यस अध्ययन तथा अनुसन्धान कार्यका लागि आवश्यक पर्ने सूचना तथा तथ्याङ्क संकलन स्थलगत सर्वेक्षणद्वारा प्राप्त प्राथमिक तथ्याङ्क नै प्रमुख रहेता पनि सहायक तथ्याङ्कको पनि सहायता लिइएको थियो ।

### ३.३.१ प्राथमिक स्रोत

अध्ययनकर्ताले आफ्नो अध्ययन कार्यलाई पूर्णता दिनका लागि स्थलगत सर्वेक्षणबाट प्राप्त गरेको तथ्याङ्क हो । जसको प्रयोग शोधकर्ता आफैले पहिलो पटक गरेको हुन्छ ।

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्न स्रोत विद्यालयको आवसीय व्यवस्थापनको स्थलगत सर्वेक्षण प्रमुख रुपमा रहेको थियो । यसको अलावा नमूना छनोटमा परेका विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, स्रोत शिक्षक, आया, स्रोत व्यक्ति, अभिभावक र विद्यार्थीहरुको उत्तरबाट  पनि सूचना तथ्याङ्क संकलन गरिएकोछ ।

### ३.३.२ सहायक स्रोत

विभिन्न पत्रपत्रिका लेख तथा रचनाहरुमा प्रकाशित तथ्याङ्कहरु, संघ, संस्थाहरुले आफ्नो प्रयोजनका लागि संकलन गरेका तथ्याङ्कहरु नै सहायक तथ्याङ्क हो । जसको प्रयोग भई सकेको हुन्छ र स्रोत कर्ताले आफ्नो अध्ययनकार्यलाई पूर्णता दिन पूनः प्रयोगमा ल्याएका हुन्छ ।

यस शोध अध्ययनमा अध्ययनकर्ताद्वारा विभिन्न संघ संस्था तथा आयोगका प्रतिवेदनहरु, पत्रपत्रिकामा प्रकाशित लेख तथा रचनाहरु, पुस्तकहरु, विद्यालय सुधार योजना, विद्यालयका चार्टहरु, तालिकाहरुबाट अध्ययन कार्यलाई सहयोग पुग्ने सहायक तथ्याङ्क तथा सूचनाहरु संकलन गरिएकोछ ।

### ३.४ अध्ययनका साधनहरु

यस अनुसन्धान प्रयोजनका लागि छनोट भएको नमूना जनसंख्या सूचना तथा तथ्याङ्क संकलन गर्न, अनुसन्धानको प्रकृति र स्वरुप अनुसार तथ्याङ्क संकलनका साधनहरु निर्माण गरी प्रयोगमा ल्याइएको थियो । यस अध्ययन कार्यलाई अगाडि बढाइ पूर्णता दिन नमूना जनसंख्याबाट प्रतिक्रिया संकलन गर्न निम्नानुसारका संकलनका साधनहरु प्रयोगमा ल्याइएकोछ ।

### ३.४.१ प्रश्नवली

गुणात्मक अनुसन्धानको महत्वपूर्ण साधन अन्तरवार्ता प्रश्नावली हो । अन्तर्वार्ताद्वारा व्यक्तिका आफ्ना विचार र भावानालाई बाहिर ल्याउन सकिन्छ । यस अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न खुल्ला अन्तर्वार्ता प्रश्नावली बनाइएको थियो । नमूना विद्यालयको प्रधानध्यापक, स्रोत शिक्षक, आया, स्रोत व्यक्ति, वि.व्य.स. अध्यक्ष, विद्यार्थी र अभिभावकहरुसँग छुट्टा-छुट्टै अन्तर्वार्ता लिएको थियो । अन्तर्वार्ता सञ्चालन गर्न हरेक उत्तरदाताहरुका लागि बनाइएका प्रश्नहरु अनुसूची एक देखि छ सम्ममा उल्लेख गरिएको छ ।

### ३.४.२ अनुसन्धान तथा अध्ययनका लागि विद्यालय सर्वेक्षण फारम

आवासमा बस्ने विद्यार्थी र तीनका अभिभावकको विवरण, आवासमा उपलब्ध भौतिक सुविधा, वि.व्य.स.को नामावली संकलन गर्न अनुसूची सात देखि दश अनुसारको सर्वेक्षण फारम प्रयोग गरिएकोछ ।

### ३.४.३ विद्यार्थीका लागि लक्षित समूह छलफल

नमूना विद्यालयका प्र.अ., स्रोत शिक्षक, आया, स्रोत व्यक्तिहरुको समूहसँग र अभिभावकहरुको अर्को समूहसँग परिशिष्ट एक देखि छ सम्मका प्रश्नावलीका आधारमा प्राप्त तथ्याङ्कका सम्बन्धमा समूहगत छलफल गरिएकोछ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

अध्ययन एवं अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्कको संकलन गर्न अध्ययनकर्ताले निर्माण गरेका संकलनका साधनहरुको  सहायताले पाँचथर जिल्लाका दृष्टिविहिन स्रोत कक्षा संचालन भएको एकवटा स्रोत विद्यालयमा अनुसन्धानकर्ता आफै उपस्थिति भएर शैक्षणिक व्यवस्थापनको अवलोकन गरी तथ्याङ्क संकलन गरिएकोछ । त्यसपछि उक्त विद्यालयहरुको आवासको भौतिक व्यवस्थापन, आर्थिक स्रोतको व्यवस्थापन, मानवीय संसाधनको व्यवस्थापनका विविध समस्याहरु र ती समस्या समाधानको उपायहरुसंग सम्बन्धित प्रश्नावलीहरु नमूना छनोटमा परेका प्र.अ., वि.व्य.स, अध्यक्ष, स्रोत शिक्षक, आया, स्रोत व्यक्ति विद्यार्थीहरु, विद्यार्थीका अभिभावकहरुलाई भेटी प्रश्नावली भराइएकोछ । प्रश्नावलीका साथमा छुट्टाछुट्टै खुल्ला मौखिक प्रश्नहरु सोधी अन्तर्वार्ताद्वारा पनि आवासीय व्यवस्थापनका विविध पक्षसंग सम्बन्धित सूचनाहरु संकलन गरिएको छ ।

आवासमा बस्ने विद्यार्थीको विवरण, आवासमा उपलब्ध भौतिक तथा शैक्षिक सुविधाहरु, सरकारी स्तरबाट प्राप्त आर्थिक सहयोग, विद्यालय व्यवस्थापन समितिको नामावली, शिक्षक र आयाहरुको नामावली विद्यालय सर्वेक्षण फाराम प्रयोग गरि संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

सूचना तथा तथ्याङ्क संकलनका विभिन्न साधनहरु प्रयोग गरी तथ्याङ्कलाई तालिकामा चरणवद्ध रुपमा प्रस्तुत गरिएकोछ । तालिकामा प्रस्तुत तथ्याङ्कलाई गुणात्मक विधिद्वारा व्याख्या विश्लेषण गरिएको छ । तथ्याङ्कहरुलाई विभिन्न चार्टहरुमा प्रस्तुत गरिएको छ । दृष्टिविहीन स्रोत कक्षाको शैक्षणिक व्यवस्थापनको भौतिक अवस्था, शैक्षिक अवस्था, आर्थिक आवस्था आदिका प्राप्त तथ्याङ्कहरुलाई व्याख्या विश्लेषण गरिएकोछ । प्राप्त तथ्याङ्कहरुलाई सम्बन्धित पक्षहरुसंग वसी छलफल गरेर व्याख्या र विश्लेषण  गरी उक्त तथ्याङ्कको वैधताका सम्बन्धमा विज्ञहरुसंग पनि छलफल गरी विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# नतिजाको छलफल

पाँचथर जिल्लामा सञ्चालित विशेष शिक्षा कार्यक्रम अन्तर्गत स्रोत कक्षा कार्यक्रमको शैक्षणिक व्यवस्थापनका विभिन्न पक्षको अध्ययन गर्ने क्रममा अध्ययन क्षेत्र अन्तर्गत विशेष शिक्षा लागू भएको एक वटा मात्र विद्यालय भएको हुँदा उक्त विद्यालयका प्रधानाध्याहक, स्रोत शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, सम्बन्धित स्रोत केन्द्रका स्रोत व्यक्ति, विद्यार्थीका अभिभावक, एवम् विद्यार्थीसँग अन्तरवार्ता प्रश्नावली, छलफल, अवलोकन, स्थलगत सर्वेक्षणबाट प्राप्त हुन आएका तथ्याङ्कलाई क्रमबद्ध रुपमा तालिकीकरण गरी चरणबद्ध रुपमा व्याख्या, विश्लेषण र प्रस्तुतिकरण गरिएको छ। यो अध्ययन अनुसन्धान गुणात्मक भएकोले तथ्याङ्को व्याख्या एवं विश्लेषण मूलतः गुणात्मक पद्धतिबाट गरिएको छ।

यस परिच्छदमा पाँचथर जिल्लाको विशेष शिक्षा कार्यक्रम अन्तर्गत स्रोत कक्षा सञ्चालन भएका एक वटा विद्यालय भएकाले उक्त विद्यालयहरुमा भएका छात्रवासको भान्सा कोठा, आवास कोठा, भण्डार कोठा, कक्षा सञ्चालन हुने कोठा, र समग्र विद्यालयको स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्को व्याख्या, विश्लेषण, विवेचना गरिएको छ। व्याख्या, विश्लेषणमा विद्यालय, जिल्ला शिक्षा कार्यालय र सम्बन्धित संघ संस्थाद्वारा प्रकाशित तथ्याङ्को पनि सहायता लिइएको छ। स्थलगत सर्वेक्षणमा स्रोत कक्षा अन्तर्गतका दृष्टिविहिन विद्यार्थीको शैक्षणिक व्यवस्थापनका सम्बन्धमा प्राप्त तथ्याङ्कलाई निम्न शीर्षक अन्तर्गत रहेर अध्ययन गरिएको छ।

## ४.१. आवासीय व्यवस्थापनको स्थिति

आवास भवनको अवस्था, आवासीय व्यवस्थापनको भौतिक स्थितिका विभिन्न पक्षहरु र शैक्षिक स्थितिका विभिन्न पक्षहरुमा अध्ययन गरिएको छ।

### ४.१.१. आवासीय व्यवस्थापनको भौतिक अवस्था

भौतिक व्यवस्थापन भनेको भौतिक स्रोत तथा साधनको सामूहिक प्रयोग हो। जसको सहायताबाट संस्थाका अपेक्षित लक्ष्य हासिल गर्न सकिन्छ। जसका कारण भौतिक व्यवस्थापनलाई कुनै पनि

कार्यक्रमको मेरुदण्डको रुपमा लिइन्छ। अन्य पक्षहरु जे जति सुकै सबल भए तापनि भौतिक व्यवस्थापन राम्रो र सबल नभए सम्म राम्रो प्रतिफलको आशा गर्न सकिदैन। तसर्थ यस अध्ययन अनुसन्धान कार्यमा अनुसन्धान कर्ताले नमूना विद्यालयको भौतिक व्यवस्थापन के कस्तो छ ? पर्याप्तता कस्तो छ ? जस्ता कुराहरु सम्बन्धित विद्यालयमा गएर तथ्याङ्क लिइएको थियो।

आवासको भौतिक व्यवस्थापनमा आइपरेका समस्याहरु सकेसम्म स्रोत शिक्षक र आया आफैले समाधान गरेको र जटिल समस्याहरु मात्र मातृ विद्यालयका प्र.अ. लाई बताई समाधान गरेको पाइयो। जसको कारण स्रोत शिक्षक आया र प्रधानाध्यापक बीच सुमधुर मानवीय सम्बन्ध कायम हुन गई सहज वातावरणमा व्यवस्थापन साथै अन्य कार्य सम्पन्न भएको पाइयो।

तथ्याङ्क संकलन पश्चात व्याख्या तथा विश्लेषणको क्रममा भौतिक व्यवस्थापनलाई आवास भवन व्यवस्थापन, छात्रावासको वातावरण, भान्सा कोठा व्यवस्थापन, शौचालय व्यवस्थापन, विद्युत सञ्चार व्यवस्थापन, लत्ता कपडा व्यवस्थापन, सामग्री आपूर्तिको व्यवस्था गरी विभिन्न उप शीर्षकमा विभाजन गरी प्रत्येकको तालिकामा प्रस्तुती सहित अध्ययन गरी व्याख्या एवं विश्लेषण गरिएको छ।

स्रोत कक्षामा विद्यार्थीको अनुपातमा आवासीय व्यवस्थापनमा भवन अपर्याप्त रहेको स्थलगत सर्वेक्षणबाट देखिएको छ। गडि मा.वि.मा स्रोत कक्षा सञ्चालनको लागि विद्यालय कम्पाउण्ड बाहिर विद्यालयको नजिकैको विद्यालयको भवनलाई प्रयोग गरिएको छ। कम्पाउण्डको अस्थायी घेराबारा रहेकोले ढोका सहितको पर्खालद्वारा घेरिएको हुनु पर्ने सबैको धारणा रहेको छ। विशेष शिक्षाको स्रोत कक्षा र छात्राबास एउटै भवनको २ कोठा रहेको छ। गडि मा.वि.मा आवासका लागि एक  वटा कोठा प्रयोगमा छन्॥ विद्यालयको कम्पाउण्डको पूर्व र दक्षिण तर्फ स्थायी घेराबारा रहेको र उत्तर र पश्चिम तर्फ  घेराबारा नभएकोले बाँकी भाग पनि पर्खाल लगाई घेराबारा गर्नु पर्ने राय सबैको छ। आवासका लागि एक एक कोठा प्रयोगमा आएको छ।  स्रोत कक्षामा छात्रा-छात्रका लागि छुट्टाछुट्टै छात्रावास र कक्षा कोठाको व्यवस्था नभएकोले  हुनु पर्ने सबैको राय छ। विद्यालयको आवासमा आया र विद्यार्थीहरु एउटै कोठामा बस्ने गरेको पाइयो।

श्री गडी मा.वि. स्रोत कक्षाको आवासमा कोठाको आधारमा ढोका र झ्याल अपर्याप्त रहेको छ। प्रत्येक कोठामा दुई वटा ढोका र चारवटा झ्याल हुनु पर्ने धारणा सबैको रहेको छ। भवनको आवास कोठा भएकोले सिलिङ्ग लगाउनु नपर्ने तर भेन्टिलेशन नरहेको हुँदा पर्याप्त झ्याल हुनुपर्ने धारण सबैको रहेको छ।

आवासमा आवश्यक सामग्रीहरु प्रायः धेरै जसो पर्याप्त हुदा छात्रबासमा भौतिक सामग्रीको अवस्था राम्रो पाइएको छ। भएका सामग्रीलाई आवासमा व्यवस्थापन भने मिलाएर गरिएको छ। विद्यालयमा आर्थिक स्रोतको अभावले आवश्यक सामग्री व्यवस्था गर्न नसकिएको अभिभावक, स्रोत शिक्षक र आयाको धारणा रहको छ। श्री गडी मा.वि मा १५ वटा खाटमा १ जनाको दरले सुत्ने हुदा सुत्न सहज भएको प्रतिक्रिया विद्यार्थीहरुले दिए।

छात्राबासहरु स्रोत कक्षा सञ्चालन हुने कक्षा सँगै स्रोत कक्षाको हाताभित्र छन्। गडि.मा.वि.को भवन उत्तर दक्षिण लम्बाई रहेको छ। छात्राबासको वरीपरी दैनिक विद्यार्थी र आयाले सफा गर्ने हुदा स्वच्छ र सफा छ। गडि मा.वि.को आवासमा वाल नभएको कम्पाउण्ड नभएकोले बाहिरी होहल्लाको असर पर्ने गरेको छ।

परिशिष्ट ३ मा उल्लेखित तालिका अनुसार विद्यालयको आवासको भान्सा कोठाहरु विद्यार्थी संख्याको आधारमा सानो भएको पाइएको छ। आवासमा किचन दराज काठको पाइएको छ। त्यस्तै भाँडा राख्ने र्‍याक पनि काठको नै प्रयोगमा रहेको पाईएको छ। आवासमा इन्धनको रुपमा दाउरा र ग्यास प्रयोग गरेको पाइएको छ। आवासमा सब्जी काट्ने चुलेसी र खुकुरी साथै अचार पिस्ने लोहोरो सिलौटो पर्याप्त रहेको पाइयो। आवासका भान्सामा टेवल रहेको तर पर्याप्त नरहेको पाइयो। आवासको भान्सामा धुवाँ जाने चिम्नी नराखेको पाइयो जसले गर्दा भान्सा तयार गर्दा आयालाई धुवाले भान्सा तयार गर्न गाह्रो भएको पाइयो । चुल्होको सुधारमा सम्बन्धित सबै पक्षको ध्याान जानु पर्ने आयाको धारणा रहेको पाइएको छ। आवास भान्सा कोठा विद्यार्थी संख्याको आधारमा ठूलो हुनु पर्ने, किचन दराज, डायनिङ्ग टेवल, किचन र्‍याक, पानी छान्ने फिल्टर, विद्यार्थी संख्याको अनुपातमा थप गर्नु पर्ने सम्बद्ध सबैको राय पाइएको छ।

आवासमा खाना र सब्जी पकाउन भाँडा, कराही, कुकर प्रयोग गरेको पाइयो । खाना खान थाल, बटुका र गिलास प्रयोगमा रहेको पाइयो । चिया बनाउन किट्ली र खान गिलास प्रयोग गरेको पाइएको छ । पानी चलाउन बाल्टिन र जग प्रयोग गरेको पाइयो । आवासमा भाँडा कुँडाहरु खाना बनाउन र खान पर्याप्त नै रहेको पाइएको छ । भात भान्सा तर्फ  आवासमा राम्रो व्यवस्थापन देखिएको छ । जसको निरन्तरता सदैव रहनु पर्छ भन्ने धारणा सम्बन्धित सबैको रहेको पाइयो ।

आवासमा विद्यार्थीहरुलाई बिहान र दिउसो दुवै समयमा कागती चिया वा फिक्का चिया र खाजा दिने गरेको देखियो ।  आवासमा आयाले खाजा नास्ता र चिया बनाएर दिने गरेको पाइयो ।  आवासमा चिया नास्ताको व्यवस्था तथा वितरणमा सन्तोषजनक देखिए तापनि बिहान दुध हालेको चिया दिदा उपयुक्त हुने धारणा अभिभावकहरुको पाइएको छ ।

आवासको भान्सामा चामल कान्छी मन्सुली, दाल कालो, मुसुरो,  मश्याम, र कुनै कुनै बेला राजमा प्रयोग भएको पाइयो । सागसब्जी समय अनुसारको तेल तोरीको, नून आयोडिन प्याक प्रयोग गरेको पाइयो । साप्ताहिक हटिया लाग्ने हुदा हटियाबाट मासु रागा, वँगुरको साप्ताहिक खुवाउने गरेको तर खसी कुखुरा र माछा भने कहिले काही खुवाउने गरेको पाइएको छ । मासु प्राय सबैले खाने गरेकोले उनीहरुलाई घ्यू को व्यवस्था नगरेको तर कहिले काही दूध तथा दही पनि दिने गरेको पाइयो । आवासमा प्रयोग गरिने खाद्य पदार्थहरु ताजा रहेको पाइयो । खाद्य पदार्थको व्यवस्थापन विद्यालय प्र.अ. स्रोत शिक्षक, आयाले संयुक्त रुपले गर्ने गरेको पाइयो । आया र विद्यार्थी मिलेर भान्साको सरसफाई गर्ने गरेको पाइयो ।

गडी मा.वि.को आवासमा पिउने पानीका लागि विद्यालयमा आएको पाइप लाइनको धारा छ । जसबाट आएको पानी हिल ट्याङ्कमा सञ्चित गरी प्रयोग गर्ने गरेको पाइयो । उक्त धाराहरुबाट जम्मा गरेको पानी प्रयोग गर्दा स्रोतको आवासमा अपर्याप्त देखियो ।   आवासमा पानी छान्ने १/१ फिल्टर रहेको पाइयो । गडी मा.वि.मा पानी राख्ने गाग्री पनि प्रयोग गरेको पाइयो । गडी मा.वि.मा फिल्टर अपर्याप्त रहेको पाइयो यसको व्यवस्था गर्नुपर्ने सबै पक्षको धारणा रहेको छ ।

गडि मा.वि. मा एउटा पक्की र अर्को कच्ची गरेर २ वटा शौचालय छन् । जुन पर्याप्त नै देखिन्छ । । शौचालयको नियमित रुपमा आया र विद्यार्थीहरुले सरसफई गर्ने गरेको पाइयो । पक्की शौचालयको

पनि छानो भने टिनको नै रहेको छ । गडि मा.वि.को आवासमा रहेको शौचालयमा वत्ती व्यवस्था भएको छ ।

आवासमा भलिबल खेल्ने मैदान सानो आकारको छ । त्यसै मैदानमा व्याडमिन्टन पनि खेल्ने गरेको पाइयो । आवासमा फूटबल मैदान, क्रिकेट मैदान, र टेबल टेनिस रुम नभएको पाइएको छ । गडी मा.वि.को विद्यालय कम्पाउण्ड भित्र फूटबल र भलिबल मैदान भएको हुँदा त्यहा गएर खेल्ने गरेको पाइयो । त्यसैगरी टेबल टेनिस रुम पनि नभएको हुँदा नियमित रुपमा खेल्न नपाए पाइएको छ । खेलकुद मैदानको व्यवस्था गर्न आर्थिक स्रोत न्यून रहेको तथा नजिक जग्गा पनि अभावन रहेको धारणा स्रोत शिक्षक, आया, प्र. अ. र वि.स. अध्यक्षको पाइयो । खेलकुदलाइ प्रथमिकता दिनु पर्ने धारणा उनीहरुको पइएको छ ।

स्रोत कक्षामा टेलिफोत छैन तर कार्यालय प्रयोगका लागि विद्यालयको कार्यालयमा १/१ लाइन टेलिफोन रहेको पाइयो । गडी मा.वि.मा विद्युतको व्यवस्था . गरिएको पाइयो ।

आवास अवस्थामा रहेका विद्यार्थीसंख्याको आधारमा सुत्नको लागि लत्ताकपडाहरु पर्याप्त नै रहेको पाइयो, तर कार्पेट भने आवासमा २/२ वटा मात्र रहेका छन् । गडी मा.वि. स्रोत कक्षाको कक्षा सञ्चालन हुने कोठाको भुँईमा कार्पेट विछ्याइएको छ । भने आवास कोठाको भुँईमा प्लाष्टिकको गुन्द्री आछ्याइएको छ । आवासमा कार्पेट पुरानो भइसकेकोले कार्पेट नयाँ फेर्नु पर्ने धारणा आया र स्रोत शिक्षकको रहेको छ ।

विद्यालयको आवासमा व्यवस्थापकीय प्रमुख प्रधानध्यापकको नेतृत्वमा आवासको लागि आवश्यक उपभोग्य र अन्य सामाग्रीको व्यवस्थापन गर्ने गरेको पाइयो । उपभोग्य र अन्य सामग्रीको व्यवस्था गर्न प्रधानध्यापकको सुझाब र सल्लाह अनुसार स्रोत शिक्षक र आयाको महत्वपूर्ण भूमिका रहेको पाइयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्षले सामग्री आपूर्तिको व्यवस्थामा सल्लाह र सुझाब दिने र कहिलेकाही व्यवस्था समेत गरेको पाइयो । त्यसैगरी विद्यालयका कर्मचारीहरुले पनि सामग्रीको व्यवस्थापनमा स्रोत शिक्षक र आयालाई कुनै कुनै समयमा सहयोग गरेको देखियो ।

विशेष शिक्षा स्रोत कक्षाको आवासीय व्यवस्थापनका भौतिक अवस्थालाई माथि उल्लेखित तालिकाको आधारमा विश्लेषण गरी व्यवस्थापनको मानव सम्बन्ध सिद्धान्त अनुसार हेर्दा स्रोत कक्षाको आवासको वर्तमान भौतिक अवस्था सन्तोष जनक रहेको तर उत्तम भने पाइएन । आवासको भौतिक

व्यवसथापनमा मानव सम्बन्ध सिद्धान्त पूर्ण रुपमा प्रयोग नभएता पनि आंशिक रुपमा प्रयोग भएको पाइयो । स्रोत कक्षामा साधन, स्रोत व्यवस्थापन गर्दा प्र.अ., स्रोत शिक्षक, आया, अभिभावक र सम्बद्ध सबै व्यक्तिहरुको संलग्नता र सहभागिताका लागि मानव सम्बन्ध सिद्धान्तको प्रयोग गरेमा अझ राम्रो हुने देखिन्छ ।

## ४.१.२. स्रोत कक्षाको वालवालिकाको शैक्षणिक व्यवस्थापनको अवस्था

क. ब्रेल लिपि : कक्षा १ देखि कक्षा ५ सम्म सम्पूर्ण विषयको पडाइ लेखाई ब्रेल लिपिको माध्यमबाट गरिएको छ भने कक्षा ६ देखि माथि सुनाई बोलाई नेपाली तथा अंग्रेजी भाषाको माध्यमबाट गरिएको छ । तर कक्षा ९ र १० मा अर्थशास्त्र र शिक्षा विषयको ब्रेल लिपिको पुस्तक अभाव रहेको कुरा छ । ख. शैक्षिक प्रक्रिया : कक्षा १ देखि कक्षा ५ सम्म दृष्टिविहीनहरुका लागि छुटै श्रोत कक्षाको व्यवस्था गरिएको छ भने कक्षा ६ देखि माथि अरु साधारण बालबालिकाहरु सँगै एकृत शिक्षाको व्यवस्था गरिएको छ ।

ग. कक्षाकोठाको व्यवस्थापन : स्लेट र स्टाइलस को माध्यमबाट लेखाई पढाई हुने तर लेखाईमा ठिक वा बेठिक छुट्याउन नसकिने यसको कारण सबै क्षिकहरुलाई ब्रेल लिपि सम्बन्धि ज्ञान नभएकोले हो ।

घ. कक्षामा बसाई व्यवस्थापन : कक्षाको अगाडिको भागमा दृष्टिविहीनहरुलाई बसाइ व्यवस्थापन गरिएको छ । र प्रत्येक विद्यार्थीलाई एक एक सेट स्लेट र स्टाइलस व्यवस्था गरिएको छ ।

ङ. अन्य शैक्षिक सामाग्री : प्रत्येक विद्यार्थीलाई ब्रेल लिपिमा लेखिएको पाठ्यपुस्तकहरु उपलब्ध गराइएको छ । आवासमा प्रत्येक विद्यार्थीलाई एक एक टेवल कुर्सी व्यवस्था गरिएको छ ।

च. शिक्षणको माध्यम : कक्षा पाँच सम्म ब्रेल लिपिको माध्यमबाट शिक्षण हुने गरेको तर कक्षा ६ देखि माथि नेपाली र अंग्रेजी माध्यममा सुनाइ बोलाइको माध्यममा शिक्षण गरिएको छ । स्वयम् विद्यार्थीहरु ब्रेल लिपिको पुस्तकनै प्रयोग गर्ने गर्दछन् ।

स्रोत कक्षामा १ जना स्रोत शिक्षकहरु रहेका छन् । शिक्षकहरु विशेष शिक्षा अन्तर्गत तालिम प्राप्त रहनु भएको छ । एक जना करारमा नियुक्ति पाउनु भएको छ । स्रोत शिक्षक पाँचथर जिल्लामा विशेष शिक्षा सञ्चालन भए देखि कार्यरत रहनु भएकाले हाल सम्म ८ वर्ष विशेष शिक्षामा अनुभव प्राप्त

हुनुहुन्छ भने शिक्षण पेशामा लामो अनुभव भएका हुनुहुन्छ। आयाहरु  स्रोत कक्षामा दुई जना रहेका छन् । उनीहरु पनि पोषण र भान्सामा तालिम प्राप्त रहेका छन् । अस्थायी र करार सेवामा नियुक्ति रहेको पाइएको छ। गडी मा.वि. स्रोत कक्षाको आयाको विशेष शिक्षाको पोषण, भान्सा र स्याहारमा ८ वर्ष अनुभव रहेको पाइएको छ। गडी मा.वि स्रोत शिक्षक महिला र आया महिला  रहेको पाइएको छ। स्रोत कक्षामा तालिम प्राप्त र अनुभवी स्रोत शिक्षक र आया रहनु भएको हुँदा विशेष शिक्षाको लक्ष्य प्राप्त गर्न सक्ने गरी मानव संसाधनको व्यवस्थापन भएको पाइएको छ।

आवासमा छात्र र छात्राहरु नियमित रुपमा बस्दछन् ।  आवासमा छात्र छात्राहरुका लागि छुट्टा-छुट्टै आवास नभएकाले एउटै आवासमा छात्र-छात्रा र आया वस्छन् । छात्र छात्राको रेख देख आयाले गर्दछ। गडी मा.वि.मा छात्र भन्दा छात्राहरु कम छन् । छात्रहरु ७ र छात्राहरु ४ जना छन् ।  आवासमा आयाहरुको भूमिका वालवालिकाहरुको हेरचाहको अलाव स्रोत शिक्षक अनुपस्थित रहेको अवस्थामा पढ्न लेख्न सिकाउने गर्दछन् ।  स्रोत कक्षामा  १-५ सम्मको शिक्षा प्रदान गर्ने गरेको पाइएको छ।

स्रोत कक्षाको आवासमा तालिम प्राप्त, अनुभवी स्रोत शिक्षक र आयाहरु रहेको हुँदा स्रोत कक्षामा शिक्षण सिकाइ र बसाइको अवस्था मानव सम्बन्ध सिद्धान्त अनुसार नै रहेको देखिन्छ। मानव सम्बन्ध सिद्धान्त प्रयोग गरी शिक्षण सिकाइको वातावरण राम्रो बनाइ उपलब्ध मानव संसाधनको समूचित उपयोग गर्न सके विशेष शिक्षाको लक्ष्य पूरा हुने देखिन्छ।

विद्यालयका स्रोत कक्षाहरुमा विद्यालय स्तरीय स्किपिङ्ग, हाँडि फुटाउने प्रतियोगिता हुने गरेको पाइयो। विद्यालयमा नियमित रुपमा हप्तामा १ पटक नियमित रुपमा यस्ता खेलहरु खेलाउने गरेको पाइयो।

यस शोधमा प्रयोग भएको व्यवस्थापनको मानव सम्बन्ध सिद्धान्त  स्रोत कक्षाको अध्यापन र आवास व्यवस्थापनमा प्रयोग भएको पाइयो। तर  स्रोत कक्षामा अध्ययनरत विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलाप तथा खेलकुदमा सरीक गराउन सके स्रोत शिक्षक, आया र विद्यार्थीहरु बीच सुमधुर मानवीय सम्बन्ध कायम भई विद्यार्थीहरुको शारीरिक तथा मानसिक विकास हुन सक्ने देखिन्छ।

## ४.२. शैक्षणिक व्यवस्थापनको आर्थिक अवस्था

आम्दानी तर्फ सरकारी स्रोतबाट आयाहरुको तलव भता वापत प्रति आया बार्षिक रु ६००००।- का दरले २ जनाको रु १२००००।- निकाशा हुने गरेको पाईयो । त्यसतै श्रोत शिक्षकको भत्तामा मासिक रु ५०० का दरले वार्षिक ६०००, विद्यार्थीहरुको आवास तथा शैक्षणिक व्यवस्थापनको लागि प्रति विद्यार्थी प्रति महिना  रु २२०० का दरले वार्षिक २६४००।- र जम्मा २२ जना विद्यार्थीहरुका लागि रु ५८०८००।- र अन्य व्यवस्थापनका लागि प्रति विद्यार्थी मासिक रु ३०० का दरले वार्षिक ३६००।- र जम्मा विद्यार्थीका लागि रु ७९२०० सरकारी निकाशा हुने गरेको पाइयो । जुन शिर्षकमा निकासा भएको हो त्यही शिर्षकमा नै खर्च गर्ने गरेको कुरा यहाँका प्र.अ. बताउनु हुन्छ ।

### ४.३. शैक्षणिक व्यवस्थापनसँग सम्बद्ध व्यक्ति र संस्थाहरु

कुनै पनि कार्यक्रमलाई सफल बनाउन विभिन्न संघ संस्था तथा व्यक्ति-व्यक्तित्वहरुको संलग्नता रहने गर्दछ । विद्यालयको स्रोत कक्षामा अध्ययनरत वालवालिकाहरुको आवासीय व्यवस्थापनका सम्बन्धमा यस अध्ययनमा  विद्यालयका विशेष शिक्षा स्रोत कक्षाको आवासीय व्यवस्थापनमा पनि विभिन्न व्यक्ति संघ संस्थाहरुको संलग्नता रहेको देखिन्छ । उक्त विद्यालय आवासीय व्यवस्थापनमा संलग्न व्यक्ति र आवासीय व्यवस्थापनमा संलग्न संस्था गरी २ उपशीर्षकमा रही अध्ययन, विश्लेषण र व्याख्या गरिएको छ ।

विद्यालयका स्रोत कक्षाको आवसीय व्यवस्थापनमा प्रधानध्यापक १ जना, स्रोत शिक्षक २ जना, आया २ जना, वि.व्य.स. अध्यक्ष १ जना, शिक्षक अभिभावक संघका अध्यक्ष १ जना, सम्बन्धित स्रोत केन्द्रका स्रोत व्यक्ति १ जना, जिल्ला शिक्षा कार्यक्रमका विशेष शिक्षा अधिकृत १ जनाको संलग्नता रहेको छ । आवासमा बसी अध्ययनरत विद्यार्थीका अभिभावक  विद्यालयमा २२ जना संलग्न रहेको देखिएको छ । विद्यालयका प्रधानध्यापक, स्रोत शिक्षक र आयाले दैनिक व्यवस्थापन गर्ने गरेको पाइयो । स्रोत शिक्षक आया आवासको खानपिन र अध्यापनको मेरुदण्डको रुपमा रहेको पाइयो ।

विद्यालयको स्रोत कक्षा नेपाल सरकार शिक्षा मन्त्रालयको शिक्षा विभाग अन्तर्गत समाहित शिक्षा शाखाद्वारा मातहतका जिल्ला शिक्षा कार्यालय, पाँचथरबाट वि.सं.२०६० साल देखि विशेष शिक्षा स्रोत कक्षा उक्त  मा.वि.मा सञ्चालन हुँदै आएको देखिन्छ ।  विद्यालयको शैक्षणिक व्यवस्थापनमा जिल्ला शिक्षा कार्यलय, जिल्ला लेखाजोखा केन्द्र र विद्यालयहरु संस्थागत रुपमा संलग्न रहेका छन् । जिल्ला

शिक्षा कार्यलयबाट शैक्षणिक व्यवस्थापनमा तोकिएको आवश्यक रकम निकासा गर्ने र उक्त रकम तथा सञ्चालन नीतिको आधारमा विद्यालयले शैक्षणिक व्यवस्थापन गर्ने गरेको पाइयो । जिल्ला लेखाजोखा केन्द्रले आवासको व्यवस्थापन र भोजनको सुपरिवेक्षण समय-समयमा गर्नु पर्नेमा उक्त कार्य अत्यन्तै न्यून रुपमा गरेको पाइयो ।  व्यवस्थापनमा अन्तराष्ट्रिय संघ संस्थाको सहयोग भने हाल सम्म नरहेको पाइयो । स्रोत कक्षा व्यवस्थापनमा सरकारी निकायहरुबाट भौतिक व्यवस्थापन, शैक्षिक र आर्थिक व्यवस्थापन गरेको देखिन्छ । स्रोत विद्यालयहरुमा भौतिक, शैक्षिक तथा आर्थिक व्यवस्थापनमा स्थानीय संस्था अन्य सरकारी निकाय तथा अन्तराष्ट्रिय संस्थाहरुको खासै सहयोग रहेको नपाइएको हुँदा यस तर्फ सम्बन्धित सबैको ध्यान जानु नितान्त जरुरी देखिएको छ । पाँचथर जिल्लामा क्रियाशील गैह्र सरकारी संस्थाद्वारा गडी मा.वि.स्रोत कक्षालाई बत्तिको लागि विजुली मनोरमञ्जनका लागि केहि प्रदान गरे बाहेक कुनै पनि सहयोग नरहेको पाइएको छ ।

## ४.४. शैक्षणिक व्यवस्थापनमा देखिएका समस्या र न्यूनीकरणका उपायहरु

अध्ययनबाट शैक्षणिक व्यवस्थापनका विभिन्न समस्याहरु पहिचान गरेर तिनिहरुलाई न्यूनीकरण गरी शैक्षणिक व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरु प्रस्तुत गरिएको छ ।

### ४.४.१. शैक्षणिक व्यवस्थापनमा देखिएका समस्याहरु

अध्ययनका लागि छनोट गरिएका विद्यालयहरुको शैक्षणिक व्यवस्थापनाको अध्ययन/स्थलगत सर्वेक्षण गर्दा विभिन्न समस्याहरु देखिएका छन् । जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

> विद्यालयका प्र.अ. का अनुसार स्रोत कक्षा सञ्चालन भएका विद्यालयहरुमा हाल सम्म आवासका लागि छुट्टै आवास भवनको निर्माण गरिएका छैनन् । विद्यालययको विशेष कक्षा सञ्चालन हुने भवनको केही कोठाहरुलाई आवासको रुपमा प्रयोग गरेको र उक्त भवन र कोठाहरु आवासको मापदण्ड अनुरुप नहुनुलाई आवास भवनको समस्याको रुपमा लिइएको छ ।

> विद्यालयमा स्रोत कक्षाका लागि आवश्यक पर्ने शैक्षणिक कार्यका लागि भवन निर्माण गर्न, भौतिक सामग्रीहरुको व्यवस्था गर्न आर्थिक स्रोतको कमी रहेको छ, जसलाई दोस्रो समस्याको रुपमा लिइएको छ ।  आवास व्यवस्थापनका लागि प्रति विद्यार्थी मासिक रु.२२०० का दरले १२ महिनाको रकम र (अन्य व्यक्तिगत खर्च : सरसफाई आदिका लागि) मासिक रु ३०० बाहेक अन्य कुनै पनि प्रकारको रकम व्यवस्था गरेको छैन । उक्त रकमले आवासको भौतिक, शैक्षिक, खाना, चिया, नास्ता इत्यादिको व्यवस्थापन गर्न हालको महङ्गीको अनुपातमा ज्यादै कठीन रहेको छ ।

आवासमा अत्तिरिक्त अध्ययन वा स्व-अध्ययनका लागि ब्रेल पुस्तक व्यवस्था पुस्तकालयको व्यवस्था स्रोत कक्षाको आवासमा नहुनु र प्राथमिक उपचारका लागि औषधीको समेत व्यवस्था स्रोतको आवासमा नहुनुलाई तेस्रो समस्याको रुपमा लिइएको छ ।

श्रोत शिक्षक श्री लिला देवि रिजार का अनुसार शैक्षणिक व्यवस्थापनमा अन्य सरकारी निकाय, संघ, संस्था गैह्र सरकारी संस्थाहरुलाई सक्रिय गराउन नसक्नु । स्रोत शिक्षक र आया हरुलाई समय समयमा पुनर्ताजगी तालिम नगराउनु पनि अर्को समस्या हो ॥ स्रोत शिक्षकलाई विशेष शिक्षा र आयालाई पोषण र भोजन समबन्धि तालिम समय समयमा दिई रहनु पर्दछ ।

## ४.४.२. शैक्षणिक व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरु

विशेष शिक्षा स्रोत कक्षाको शैक्षणिक व्यवस्थापनमा देखिएका समस्याहरुलाई समाधान गरी व्यवस्थापनलाई प्रभावकारी बनाउन अध्ययन कर्ताले अध्ययनका लागि छनोट गरिएका विद्यालयमा स्वयम् उपस्थित भई वि.व्य.स. अध्यक्ष, प्रधानध्यापक, स्रोत शिक्षकसँग छलफल गरी शैक्षणिक व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरु खोजी संकलन गरिएको थियो जुन उपायहरु निम्नानुसार रहेका छन् ।

प्र.अ. श्री मानधोज थाम्सुहाङ्ग का अनुसार शैक्षणिक व्यवस्थापनलाई प्रभावकारी बनाउन केवल सिमित सरकारी अनुदान मात्र पर्याप्त हुँदैन, जसका लागि विभिन्न सरकारी निकाय, गैह्र सरकारी संघ संस्था, अन्तराष्ट्रिय संघ संस्थासँग समन्वय गरी आर्थिक स्रोत जुटाउनु पर्दछ । आर्थिक अवस्था सवल भएमा शैक्षणिक पक्ष भौतिक र शैक्षिक व्यवस्थापनलाई मजबुत र प्रभावकारी बनाउन सकिन्छ । उक्त कार्यका लागि वि.व्य.स. लाई सक्रिय गराई जिम्मेवारी प्रदान गर्नु पर्दछ, यस कार्यमा शिक्षक, अभिभावक संघलाई समेत क्रियाशील बनाइ जिम्मेवारी दिई स्रोतको खोजी गर्न लगाई आवासलाई सुविधा सम्पन्न बनाउन सकिन्छ ।

वि.व्य.स. अध्यक्ष श्री पृथ्वी लावती का अनुसार आवासलाई प्रभावकारी बनाउन अभिभावकहरुमा सचेतिकरण अभियान चलाई सचेत बनाउनु पर्छ जसले गर्दा आफ्ना छोराछोरीको आवासीय व्यवस्थापनको भौतिक व्यवस्थापन गर्न आर्थिक सहयोग प्रदान गरुन् । आवासीय व्यवस्थापनलाई प्रभावकारी बनाउन शिक्षा विभागले दिदै आएको अनुदान समय सापेक्ष बृद्धि गरी आवासको भवन निर्माण गर्न रकम उपलब्ध गराउनु पर्दछ । स्थानीय निकायहरु गाउँ विकास समिति, जिल्ला विकास समितिबाट आर्थिक तथा भौतिक सहयोग लिएर आवास विकास समितिबाट आर्थिक तथा भौतिक सहयोग लिएर शैक्षणिक व्यवस्थापनलाई प्रभावकारी बनाउन सकिन्छ । उक्त निकायहरुलाई विशेष शिक्षाको आवश्यकता भएका वालवालिकाहरुका लागि छुट्टै कोषको खडा गर्न लगाउनु पर्दछ । आवासमा पुस्तकालयको व्यवस्था गर्न सरकार र समुदायको समन्वय रहनु पर्दछ । आवासमा पिउने पानीको लागि खानेपानी कार्यालय र स्थानीय निकायहरुसँग समन्वय गर्नु पर्दछ ।

शैक्षणिक व्यवस्थापनलाई प्रभावकारी वनाउन चन्दा संकलन विभिन्न व्यक्ति व्यक्तित्वहरुबाट अक्षय कोषको स्थापना गर्ने, विभिन्न अवसरमा धार्मिक तथा सामाजिक कार्यक्रम गरी आर्थिक स्रोत जुटाउन सकिन्छ ।

आया श्री दिलकुमारी घिमिरे का अनुसार स्रोत कक्षामा शैक्षणिक व्यवस्थापन गर्न वि.व्य.स. समितिको मातहतमा रहने गरी छुट्टै आवास व्यवस्थापन समितिको निर्माण गर्नु पर्दछ । जसमा विद्यालयको विशेष शिक्षासँग सम्बन्धित व्यक्तिहरु रहनु पर्दछ । उक्त समितिले शैक्षणिक व्यवस्थापनलाई प्रभावकारी वनाउन आवासको लागि भौतिक एवम् शैक्षिक पूर्वाधारको विकास गर्ने गरी निश्चित कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यन्वयन गर्नु पर्दछ । दृष्टिविहिन वालवालिकाहरुका लागि जीवनोपयोगी, सीपमूलक र व्यावसायिक शिक्षा एवम् तालिम प्रदान गर्न सरकारी, गैह्र सरकारी निकाय तथा संघ संस्थासँग समन्वय गरी आर्थिक स्रोत जुटाउन सम्बन्धित सबै पक्षहरु सकृय रुपमा लागि पर्नु पर्दछ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझाब

यस परिच्छेदमा अध्ययनका लागि नमूना छनोटमा परेका विद्यालयहरुको स्थलगत सर्वेक्षण गरी प्राप्त तथ्याङ्कहरुको तालिकीकरण, विश्लेषण एवम् व्याख्याबाट प्राप्त हुन आएका जानकारीहरुका आधारमा निष्कर्ष निकाली सुधार गर्नु पर्ने पक्षहरुलाई सुझाबको रुपमा प्रस्तुत गरिएको छ ।

## ५.१. निष्कर्ष

सबैका लागि शिक्षाको मूलभावलाई पुरा गर्न विशेष शिक्षाको आवश्यकता भएका असाधारण बालबालिकाहरुलाई गुणस्तरीय र प्रभावकारी शिक्षा प्रदान गर्न विशेष शिक्षा स्रोत कक्षाको शैक्षणिक व्यवस्थापन र सुधार कार्यमा सम्बद्ध सबै पक्षले विशेष ध्यान दिनु पर्दछ । विशेष शिक्षा स्रोत कक्षाको भौतिक, आर्थिक, शैक्षिक र प्रशासनिक पक्षको व्यवस्थापनका लागि मुख्य रुपमा स्रोत विद्यालयका प्र.अ., स्रोत शिक्षक र वि.व्य.स.को महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस शोध अध्ययन तथा अनुसन्धानबाट प्राप्त निष्कर्षहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

विशेष शिक्षा स्रोत कक्षाको आवास भवन आवासको मापदण्ड अनुरुप नरहेको, पर्याप्त ढोका र झ्यालहरु नभएको देखिन्छ । आवासमा खाट र आल्ना पर्याप्त नै रहेतापनि दराज, कुर्सी, टेवल, र र्‍याकहरु अपर्याप्त रहेको र सिरक, डसना, तन्ना र झुल जस्ता लत्ता कपडाहरुको अवस्था सन्तोष जनक रहेको देखिन्छ । उक्त सामग्रीहरुको प्रयोग गरी आयाको रेखदेखमा छात्र-छात्राहरु एउटै कोठामा बस्दै आएको देखिन्छ ।

आवासको भान्सा कोठा सानो रहेको र सोही  कोठामा दाउराको  प्रयोग गरी खाजा र खाना बनाइ विहान, दिउँसो र वेलुका खाना दिने गरेको पाइन्छ । विद्यार्थीहरुलाई खाना समय अनुसारको तरकारी दालसँग दिने गरेको देखिन्छ । खाजा र खाना विद्यार्थीहरुलाई सन्तोष जनक रुपमा खान दिएको देखिन्छ।

नजिकैको मूलबाट आएको पानीको धाराबाट हिल ट्याङ्कमा पानी सञ्चित गरी प्रयोग गरेको देखिन्छ । विद्युतको प्रसारण लाइन वितरण भएको स्रोत कक्षामा सोही लाइनबाट विद्युत जडान गरेको र नभएको स्रोत कक्षामा सौर्य उर्जा बाट बत्तीको व्यवस्था गरेको देखिन्छ । आवासमा आउट डोर खेलका लागि खेल मैदान सानो रहेको छ भने इन डोर खेलका खेल सामग्रीहरु पनि पर्याप्त नरहेको देखिन्छ ।

स्रोत कक्षामा तालिम प्राप्त र अुभवी स्रोत शिक्षक र आयाहरु रहेको देखिन्छ । कोटा अनुसारको विद्यार्थी संख्या पूरा भएको तर विद्यार्थीहरुलाई व्यवसायीक र सीपमूलक तालिम दिएको देखिएन । दृष्टिविहिन बालबालिकाहरुलाई अध्यापन गराउन छुट्टै पाठ्यक्रमको व्यवस्था सम्बन्धित निकायले गरेको देखिएन । आवश्यक मात्रामा पुस्तकहरु, चार्टहरु र सन्दर्भ सामग्रीहरु पनि नरहेको देखिन्छ । स्रोत कक्षामा अतिरिक्त क्रियाकलाप न्यून मात्रामा सञ्चालन हुने गरेको तर अतिरिक्त कक्षा तथा शिक्षक तथा आयालाई समय-समयमा पुनर्ताजगी तालिमको व्यवस्था हुने गरेको देखिएन । विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि मनोरञ्जनका साधनको पर्याप्तता पनि सन्तोष जनक देखिएन ।

आवास व्यवस्थापनका लागि प्रति विद्यार्थी मासिक रु. २,२००।- का दरले १२ महिनाको अनुदान तथा शैक्षिक सामग्री खरिद गर्न वार्षिक रु. ३६००।- निकासा हुने गरेको देखिन्छ । स्रोत शिक्षकको भत्ता मासिक रु. ५००।- र आयाको तलब मासिक रु. ५,०००।- निकासा हुने गरेको देखिन्छ । विभिन्न शीर्षकमा प्राप्त सरकारी अनुदान उक्त शीर्षकहरुमा नै खर्च गरी आम्दानी र खर्चको विवरण सन्तुलित रहेको देखिएता पनि बढ्दो महङ्गीको अनुपातमा अनुदान रकम, तलब र भत्ता पर्याप्त नभएको देखिन्छ ।

शैक्षणिक व्यवस्थापनमा स्रोत विद्यालयका प्र.अ., स्रोत शिक्षक र वि. व्य. स. ले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । स्रोत व्यक्ति र विशेष शिक्षा अधिकृतको भूमिका सन्तोषजनक रहेको पाइन्न । जिल्ला शिक्षा कार्यालयले आवश्यक अनुदान रकम निकासा गर्ने गरेको देखिन्छ । लेखाजोखा केन्द्रले नियमित र प्रभावकारी अनुगमन नगरेको देखिन्छ । विद्यार्थीका अभिभावकहरु र स्थानीय सरकारी तथा गैह्र सरकारी संस्थाको संलग्नता न्यून रहेको देखिन्छ ।

समग्रमा आवासमा बस्ने विद्यार्थीहरुको भौतिक, आर्थिक, शैक्षिक साथै सम्पूर्ण आवसीय व्यवस्थापन उनीहरुको घरको भौतिक, आर्थिक, शैक्षिक व्यवस्थापन भन्दा सन्तोष जनक पाइएता पनि उत्तम भने पाइएको छैन । यस कार्यमा सरकारको जिम्मेवारी र संवेदनशीलता कम देखिन्छ । अभिभावक र विभिन्न संघसंस्थाहरुको सहभागिता अझ नगन्य रुपमा रहेको देखिन्छ ।

## ५.२. सुझावहरु

यस शोध अध्ययन कार्यबाट प्राप्त निष्कर्षहरुको आधारमा विशेष शिक्षा स्रोत कक्षाको आवास व्यवस्थापनमा देखापरेका समस्याहरुलाई न्यूनीकरण गरी व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन निम्न सुझाबहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१. नीतिगत तह

विशेष शिक्षा स्रोत कक्षाको आवासीय व्यवस्थापनमा सुधार गर्नका लागि विशेष शिक्षाका सम्बन्धमा छुट्टै नीति निर्माण गर्नुपर्दछ । त्यसमा पनि दृष्टिबिहीन हुनेहरुका लागि उनिहरुलाई सुहाउदो पाठ्यक्रमको निर्माण गरि लागु गर्नुपर्दछ । दृष्टिबिहीन अल्पसंख्यक समुदाय भएको हुँदा विभिन्न क्षेत्र र विषयसँग सम्बन्धित धेरै भन्दा धेरै विषयबस्तु प्रयोग गरि प्रकाशित गर्नुपर्दछ । शिक्षाले नै व्यक्तिको सर्वाङ्गीण विकास गर्ने हुँदा उनीहरुलाई साङ्ग व्यक्तिहरुको सरह मात्र शिक्षाको व्यवस्था गर्नु अन्याय पूर्ण हुने हुँदा दृष्टिविहीनलाई विशेष प्रकारको शिक्षण संस्था तथा स्रोत कक्षाहरुको व्यवस्था गरि शिक्षा प्रदानु गर्नुपर्दछ ।

दृष्टिविहिन बालबालिकाहरुलाई अध्ययनको साथसाथै व्यवसायीक सीप तथा तालिम प्रदान गरी जीविकोपार्जन गर्न सक्षम बनाइ अवसर पनि प्रदान गर्नुपर्दछ । दृष्टिविहिनहरुलाई दया, माया र सद्भाव मात्रा होइन अवसरको पनि खाँचो पर्ने हुँदा राज्यका हरेक निकायहरुमा सहभागी गराइ राष्ट्रको सेवा गर्न अवसर प्रदान गर्नको लागि आरक्षणको व्यवस्था सरकारले गर्नुपर्दछ । विशेष शिक्षाको शैक्षणिक व्यवस्थापनका विविध पक्षको अध्ययन गरी देखा परेका समस्या तथा चुनौतिहरुको सामना गर्न राज्यले राष्ट्रिय र स्थानीय स्तरमा अनुगमन तथा मूल्याङ्कन आयोग बनाई सक्रिय गराउनु पर्दछ ।

स्थानीय सरकारी तथा गैह्र सरकारी संस्था र व्यक्तिहरुलाई सुस्त दृष्टिविहीनहरुको लागि शैक्षिक लगानी गर्न उत्साहित गर्ने नीति नियमहरु बनाउनु पर्दछ । स्रोत विद्यालयका प्र.अ., स्रोत शिक्षक र आयहरुलाई समय-समयमा पुनर्ताजगी तालिम दिन तालिमका प्याकेजहरु निर्माण गरी तालिम दिनु पर्दछ । स्रोत विद्यालयका प्र.अ., स्रोत शिक्षक र वि.व्य.स. ले शैक्षणिक व्यवस्थापनको वार्षिक कार्ययोजना बनाई लागु गर्नु पर्दछ ।

## ५.२.२. अभ्यास तह

स्रोत कक्षाको शैक्षणिक व्यवस्थापनमा सुधार गर्न स्रोत कक्षा सञ्चालन हुने भवनको वरीपरी वाह्य असर नपर्ने गरी घेरा बारा गर्नु पर्दछ। हावा र प्रकाशको राम्ररी आवत जावत हुने गरी झ्याल, ढोका, भेन्टिलेशन र सिलिङ्ग भएको आवास भएको भवन हुनु पर्दछ। आवास कोठा, भान्सा कोठा र कक्षा कोठा छुट्टा-छुट्टै निर्माण गर्नु पर्दछ। भान्सामा धुवा रहीत चुल्हो, किचन दराज र जाली भएको ऱ्याक बनाउनु पर्दछ। पिउने पानी बत्ती र शौचालयको उपयुक्त व्यवस्था हुनु पर्दछ। आवासमा विद्यार्थीहरुको लागि दराज सहितको टेवल, कुर्सी र भूईमा कार्पेटको व्यवस्था गर्नु पर्दछ। भान्सामा प्रयोग हुने खाद्य सामग्रीको गुणस्तर जाँच लेखाजोखा केन्द्रले विशेषज्ञबाट गराउनु पर्दछ।

स्रोत कक्षामा पुस्तकालयको व्यवस्था गर्नु पर्दछ। अध्ययनरत विद्यार्थीहरुको शैक्षिक स्थिति उकास्न ट्यूसन तथा कोचिङ्ग कक्षा सञ्चान गर्नुपर्दछ। स्रोत कक्षामा सन्दर्भ सामग्रीहरु र पुस्तकहरुको पर्याप्त मात्रमा व्यवस्था गर्नुपर्दछ। स्रोत कक्षाको भौतिक, आर्थिक, शैक्षिक र प्रशासनिक स्थिति उकास्न सरकारी तथा गैह्र सरकारी संस्थाहरुसँग समन्वय गरी आर्थिक स्रोत जुटाउनु पर्दछ।

हाल आवास व्यवस्थापनमा दिइदै आएको सरकारी अनुदान, शिक्षकको भत्ता र आयाको तलबलाई महङ्गीको अनुपातमा बृद्धि गर्दै जानु पर्दछ। शैक्षणिक व्यवस्थापनमा बालबालिकाका अभिभावकहरुलाई अनिवार्य संलग्त गराउनु पर्दछ। आवासमा बस्ने विद्यार्थीहरुलाई औषधी उपचार र चिकित्सा सेवाको व्यवस्था गरी महिनामा एक पटक अनिवार्य स्वास्थ्य परिक्षण गराउनु पर्दछ। शैक्षणिक व्यवस्थापनको कार्ययोजना बनाउन वर्षमा एक पटक अभिभावक भेला गराउनु पर्दछ।

## ५.२.३. अनुसन्धान तह

विशेष प्रकारको शिक्षाको आवश्यकता भएको असाधारण बालबालिकाहरुलाई शिक्षा प्रदान गर्न स्रोत कक्षाको आवासीय व्यवस्थापनमा मात्र सुधार गरेर गुणस्तरीय र प्रभावकारी शिक्षा प्रदान गर्न सकिन्छ भन्नु एक पक्षीय बुझाई मात्रा हुन जान्छ। तसर्थ विशेष शिक्षाको स्रोत कक्षामा अध्ययनरत विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा र व्यावसायीक तालिम तथा सीपको प्रदान गर्न निम्न क्षेत्र तथा विषयहरुमा विशेष शिक्षासँग सरोकारवालाहरुले थप अध्ययन अनुसन्धान गर्न सक्ने गरी सुझावहरु प्रस्तुत गरिएको छ।

विशेष शिक्षाका अपेक्षा र उपलब्धिहरु, विशेष शिक्षाको शैक्षिक अवस्थाको व्यवस्थापन, विशेष शिक्षाको आर्थिक अवस्थाको व्यवस्थापन, विशेष शिक्षाको भौतिक अवस्थाको व्यवस्थापन , विशेष शिक्षाको प्रशासनिक अवस्थाको व्यवस्थापन, विशेष शिक्षाको व्यवस्थापनमा संलग्न व्यक्ति तथा संस्थाको भूमिका, विशेष शिक्षाको स्रोतको व्यवस्थापन ।

# अनुसूची एक

## दृष्टिबिहिन बालबालिकाको शैक्षणिक व्यवस्थापन

### क) प्रधानाध्यापकको लागि प्रश्नावली :

विद्यालयको नाम : शैक्षिक योग्यता :

प्रधानाध्यापकको नाम : तालिम :

अनुभव :

१ आवासमा छात्र र छात्राहरुलाई छुट्टै कोठामा राखिएको छ ?

२ बालबालिकाहरुको उमेर अनुसारको फर्निचर र भौतिक सामग्री व्यवस्थापन गर्नु भएको छ ?

५ शैक्षणिक व्यवस्थापनको लागि आर्थिक स्रोत कहाँ कहाँबाट प्राप्त हुन्छ ?

३ शैक्षणिक व्यवस्थापनमा कुन कुन संस्थाले के कति सहयोग गरेका छन् ?

४ आवासमा मेस सञ्चालनको व्यवस्था कस्तो गरिएको छ ?

५ आवासमा पुस्तक तथा पत्रपत्रिकाको व्यवस्था पनि गर्नु भएको छ ?

६ दृष्टिबिहिन बालबालिकाहरुका लागि समस्याहरु के के छन् ? र समाधानका उपाय के होलान् ?

# अनुसूची दुई

## दृष्टिविहिन वालवालिकाहरुको शैक्षणिक व्यवस्थापन

**ख) स्रोत शिक्षकका लागि प्रश्नावली :**

| | |
|---|---|
| विद्यालयको | अनुभव वर्ष : |
| नाम : | शैक्षिक योग्यता : |
| स्रोत शिक्षकको नाम : | तालिम : |

१ विशेष शिक्षा अन्तर्गत अध्यापन गर्नु भएको कति वर्ष भयो ?

२ विशेष शिक्षा अन्तर्गत कति पटक तालिम लिनु भएको छ ?

३ यस विद्यालयमा प्रत्येक वर्ष कति विद्यार्थी भर्ना हुनछन् ?

४ यस विद्यलायमा कुन तह सम्मको शिक्षा दिनु हुन्छ ?

५ शिक्षण सिकाइका अलवा अतिरिक्त क्रियाकलाप गराउनु हुन्छ ?

६ आवासमा मनोरञ्जनको पनि व्यवस्था  छ ?

७ शैक्षणिक व्यवस्थापनमा तपाई आफूले कस्तो भूमिका निर्वाह गर्नु भएको छ ?

## अनुसूची तीन

## दृष्टिबिहिन बालबालिकाहरुको शैक्षणिक व्यावस्थापन

**ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली :**

विद्यालयको नाम : शैक्षिक योग्यता :

अध्यक्षको नाम : पेशा :

ठेगाना :

१ दृष्टिबिहिन बालबालिकाहरुका लागि छुट्टै शैक्षणिक भवन छ छैन ?

२ दृष्टिबिहिनहरुलाई स्रोत कक्षा सञ्चालन यो विद्यालयमा कहिले देखि शुरु गर्नु भएको हो ?

३ विद्यलय भित्रको बातावरण कस्तो छ ?

४ यो कार्यक्रम सञ्चालन गर्न कुन कुन निकायबाट आर्थिक स्रोत उपलब्ध भएको छ ?

५ लक्षित विद्यार्थीहरुलाई भोजन, खाजा र चियाको व्यावस्थापन कस्तो छ ?

६ शैक्षणिक व्यवस्थापनका भवनहरको अवस्था कस्तो छ ?

७ शैक्षणिक व्यवस्थापनमा फर्निचरको व्यवस्था कसले गरेका छ ?

# अनुसूची चार

## दृष्टिबिहिन बालबालिकाहरुको शैक्षणिक व्यवस्थापन

**घ) आयाका लागि प्रश्नावली :**

विद्यालयको नाम : शैक्षिक योग्यता

आयाको नाम : अनुभव वर्ष :

तालिम

१ आवासमा विद्यार्थीका लागि फर्निचरको व्यवस्था पुग/अपुग के छ ?

२ आवासमा भान्सा कोठा र सुत्ने बस्ने कोठाको अवस्था कस्तो छ ?

३ आवासमा वरपर सरसफाइको व्यवस्था कस्तो छ ?

४ आवासमा पिउने पानीको व्यवस्था कस्तो छ ?

५ आवासमा नुहाउने धाराको व्यवस्था कस्तो छ ?

६ आवासमा लत्ताकपडाको व्यवस्था कस्तो छ ?

७ आवासमा शौचालयको व्यवस्था कस्तो छ ?

## अनुसूची पाँच

## दृष्टिबिहिन बालबालिकाहरुको शैक्षणिक व्यवस्थापन

**च) बाबलिकाहरुका लागि प्रश्नावली**

१ तिम्रो घर कहाँ हो ?

२ तिमी कति कक्षा देखि यस विद्यालयमा अध्ययन गर्दैछौ ?

३ तिमी यहाँ (विद्यालयमा) कुन साल देखि पढ्न आयौ ?

४ आवासमा वस्दा रमाईलो हुन्छ कि घरमा वस्दा रमाइलो हुन्छ ?

५ आवासमा बस्न कुर्सी र बेन्चहरु कति छन् ? सजिला छन् कि अप्ठ्यारा छन् ?

६ आवासमा सुत्नका लागि खटिया र लुगाफाटा कति छन् ?

७ आवासमा बस्दा खाना कति पटक खान्छौँ ? मीठो हुन्छ कि हुदैन ?

# अनुसूची छ

## दृष्टिबिहिन बालबालिकाहरुको शैक्षणिक व्यवस्थापन

### छ) स्रोत व्यक्तिका लागि प्रश्नावली

स्रोत व्यक्तिको नाम : शैक्षिक योग्यता :

स्रोत केन्द्र : अनुभव वर्ष :

तालिम :

१ स्रोत कक्षा सञ्चालनका लागि स्रोतहरु क-कसबाट प्राप्त गर्नु भएको छ ?

२ स्रोत कक्षाको भौतिक अवस्था कस्तो रहेको छ ?

३ स्रोत कक्षामा पुस्तकालय र खेलमैदानको अवस्था कस्तो छ ?

४ शैक्षणिक छात्र छात्राहरुको लागि छुट्टा-छुट्टै शैक्षणिक कोठाहरुको व्यवस्था छ ?

५ शैक्षणिक बत्तिको व्यवस्था कसरी गर्नु भएको छ ?

६ शैक्षणिक व्यवस्थापनमा तपाईको आफ्नो भूमिका कस्तो रहेको छ ?

७ शैक्षणिक व्यवस्थापनमा देखिएका समसयाहरु के के छन् ?

# अनुसूची सात

## दृष्टिबिहिन वालवालिकाहरुको शैक्षणिक व्यवस्थापन

### (क) आवासमा बस्ने विद्यार्थीहरुको विवरण

| विद्यालयको नाम | क्र.स. | विद्यार्थीको नाम | कक्षा | ठेगाना |
|---|---|---|---|---|
| श्री गढी माध्यमिक विद्यालय | १ | प्रदिप लिङ्देन | १२ | भारपा १ |
| | २ | भिम मायाँ केरुङ्ग | १२ | रानिगाउँ ७ |
| | ३ | प्रदिम सम्बाहाम्फे | १२ | छातेढुंगा ६ तेह्रथुम |
| | ४ | झुमा देवि मिश्र | १२ | बुधबारे ६ झापा |
| | ५ | कृष्ण रिजाल | ११ | फिदिम १ |
| | ६ | प्रकाश लावति | १० | आङ्गसराङ्ग २ |
| | ७ | प्रकाश लम्जेल | १० | कुरुम्बा १ |
| | ८ | उत्तम लावती | ९ | स्याब्रुम्बा ४ |
| | ९ | जोडन चेम्जोङ्ग | ९ | रानिटार २ |
| | १० | सुजता राई | ९ | लुङ्गरुपा ३ |
| | ११ | मनकुमार राई | ८ | यासोक ५ |
| | १२ | पञ्चमिला मिफोक | ८ | लुङ्गरुपा ३ |
| | १३ | विनोद मगर | ६ | सराङ्गडाँडा १ |
| | १४ | मनिशा आङ्देम्बे | ६ | यासोक ५ |
| | १५ | भिम मिफोक | ६ | आङ्गसराङ्ग ५ |
| | १६ | भिम आङ्देम्बे | ६ | स्याब्रुम्बा ७ |
| | १७ | इन्घङ चेम्जोङ्ग | ४ | छातेढुंगा ६ तेह्रथुम |
| | १८ | हिमा देवि मिश्र | ४ | अमरपुर ६ |
| | १९ | धन ब. खत्री | ४ | माङ्गजाबुङ्ग ७ |
| | २० | राजेन्द्र शेर्मा | ८ | भारपा ९ |
| | २१ | सिर्जना योक्पाङ्देन | १ | झापा |
| | २२ | समुद्र चेम्जोङ्ग | १ | झापा |

# अनुसूची आठ

## दृष्टिविहीन वालवालिकाको शैक्षणीक व्यवस्थापन

**ख) स्रोत कक्षाको शैक्षणिक व्यवस्थापनमा  उपलब्ध भौतिक सामाग्रीहरु :**

| क.स. | विवरण | छ/छैन | संख्या | प्राप्यता | छ/छैन | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शैक्षणिक भवन | छ | २ | | | |
| २ | शैक्षणिक कोठा | छ | २ | | | |
| ३ | विद्यालयको हातामा वार | छ | | | | |
| ४ | भान्सा कोठा | छ | २ | | | |
| ५ | स्टोर कोठा | छ | १ | | | |
| ६ | शैक्षणिकमा पिउने पानि | छ | १ | | | |
| ७ | छात्र-छात्राको लागि शोचालय | छ | १ | | | |
| ८ | स्रोत कक्षाकोठा | छ | १ | | | |
| ९ | डेक्स बेन्च | छ | ८ | | | |
| १० | कुर्सी, टेबल | छ | २२ | | | |
| ११ | दराज | छ | १ | | | |
| १२ | र्‍याक | छ | २ | | | |
| १३ | आल्ना | छ | ४ | | | |
| १४ | खाट | छ | १२ | | | |
| १५ | भलिवल | छ | ४ | | | |
| १६ | फुटबल | छ | २ | | | |
| १७ | चेस, लुडो | छ | १ | | | |
| १८ | कयारेम बोर्ड | छ | १ | | | |
| १९ | टेवलटेनिस | छैन | | | | |
| २० | बास्केटवल | छैन | | | | |
| २१ | बत्ति | छ | ४ | | | |
| २२ | टि.भि | छ | १ | | | |
| २३ | टेलिफोन | छ | १ | | | |
| २४ | सिक, डसना, झुल, सिरानी | छ | १५ | | | |
| २५ | कार्पेट | छ | ५ | | | |
| २६ | औषधी | छ | | | | |

**ख) अध्ययनमा समावेश गरिएका प्रधानध्यापक, स्रोत शिक्षक, वि.व्य.स. अध्यक्ष, आय र स्रोत व्यक्तिको विवरण**

| संख्या | पद | क.सं. | व्यक्तिको नाम |
|---|---|---|---|
| १ | प्र.अ. | | मानधोज थाम्सुहाङ्ग |
| २ | स्रोत व्यक्ति | १ | विनोद ठाकुर |
| ३ | स्रोत शिक्षक | | लीला रिजाल |
| ४ | वि.व्य.स. अध्यक्ष | १ | पृथ्वी लावती |
| ५ | आया | १ | दिल कुमारी घिमिरे र अम्बिका पौड्याल |

**ग) अध्ययनमा समावेश गरिएका विद्यार्थीहरुको विवरण :**

| क.स. | विद्यालय | क.स. | विद्यार्थीको नाम |
|---|---|---|---|
| | श्री गडी मा.वि. फिदिम | १ | प्रदिप लिङ्देन |
| | | २ | भिम मायाँ केरुङ्ग |
| | | ३ | प्रकृति सम्बाहाम्फे |
| | | ४ | झुमा देवि मिश्र |
| | | ५ | कृष्ण रिजाल |
| | | ६ | प्रकाश लावती |
| | | ७ | उत्तम लावती |
| | | ८ | जोडन चेम्जोङ्ग |
| | | ९ | सुजता राई |
| | | १० | मनकुमार राई |
| | | ११ | पञ्चमिला मिफोक |

# अनुसूची नौ

## श्री गडी माध्यमिक विद्यालय स्रोत कक्षाको विद्यालय व्यवस्थापन समितिको विवरण :

| क.स | पदाधिकारीको नाम | पद |
|---|---|---|
| १ | पृथ्वी लावती | अध्यक्ष |
| २ | मानधोज थाम्सुहाङ्ग | सदस्य (प्र.अ.)सचिव |
| ३ | दिल कुमारी तुम्बापो | सदस्य |
| ४ | तुलसिराम तुम्बापो | सदस्य |
| ५ | राजकुमार योक्पाङ्देन | सदस्य |
| ६ | विष्णुमायाँ बराईली | सदस्य |
| ७ | उपेन्द्र लावती | सदस्य |
| ८ | विजयबोध लावती | सदस्य |
| ९ | सुरेन्द्र सेवा | सदस्य |

# अनुसूची दश

## आवासमा भान्सा कोठाको व्यवस्थापन

| विवरण | मा.वि. |
|---|---|
| भान्सा कोठा | सानो भएको |
| किचन कोठा | काठको २ थान |
| इन्धनको स्रोत | दाउरा ग्यास |
| डाइनिङ्ग टेबल | डेक्स जोडी बनाउको |
| भाँडा राख्ने ऱ्याक | काठको २ थान |
| सब्जी काट्ने  औजार | चुलेसी १, खुकुरी २ |
| अचार पिस्ने सामग्री | लोहोरो शिलौटो १ थान |
| पानी फिल्टर | स्टीलको १ थान |
| कुचो | अम्लिसो ५ थान |
| टेवल | काठको २० थान |
| कुर्सी | काठको २० थान |
| भान्साको छानो | सिलिङ्ग नभएको |
| धुवाँको चिम्नि | भउको |